# अध्याय - एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक "कथा-६ का 'हाम्रो नेपाली किताब' र 'सजिलो नेपाली माला' भित्र समाविष्ट कथा विधाको तुलनात्मक अध्ययन" रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तर्गत सुकुना बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग, स्नातकोत्तर तह (एम.एड्.) द्वितीय वर्ष, आठौं पत्र नेपा.शि. ५९८ पाठ्यांशको आंशिक आवश्यकतापूर्तिका लागि तयार गरिएको हो ।

## १.३ समस्याकथन

भाषा शिक्षण भाषाको सैद्धान्तिक अध्ययन भन्दा प्रायोगिक अध्ययनसँग सम्वन्धित हुन्छ । विद्यालय तहमा भाषा शिक्षणको उद्देश्य भाषिक सीपसँग सम्वन्धित हुन्छ । सुनाइ, बोलाइ, पढाइ र लेखाइ भाषाका आधारभूत सीपहरू हुन् । यिनै भाषिक सीपहरूको विकास गर्नका लागि भाषिक उद्देश्य अनुसार पाठ्यपुस्तकभित्र विभिन्न विधा तथा उपविधा समायोजन गरी 'हाम्रो नेपाली किताब', 'मेरो नेपाली माला', 'सजिलो नेपाली माला' जस्ता भाषा पाठ्यपुस्तकहरू उपयोगमा ल्याइएका छन् । यो अध्ययन एउटै कक्षाका, एउटै समयमा, एउटै पाठ्यक्रमबाट निर्देशित फरक फरक पाठ्यपुस्तकभित्र समाविष्ट कथा विधाको तुलनात्मक अध्ययनसँग सम्वन्धित छ । निम्न माध्यमिक तह कक्षा-६ को सरकारी विद्यालयमा लगाइएको 'हाम्रो नेपाली किताब' नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा २०५९ मा प्रकाशित भएको किताब र डा. हेमाङ्गराज अधिकारी, लालानाथ सुवेदी, बद्रीविशाल भट्टराई र हरिप्रसाद पराजुलीद्वारा लेखन तथा सम्पादन गरिएको 'सजिलो नेपाली माला' कक्षा - ६ संयुक्त प्रकाशक, निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याप्सन) केन्द्रीय कार्यलय काठमाडौं तथा विद्यार्थी पुस्तक भण्डार प्रकाशक तथा वितरक भोटाहिटी, काठमाडौं संस्करण २०५८ रहेका किताब भित्रका कथा विधाभित्र समाविष्ट

पाठहरूको भाषिक सीप, पाठको स्तरीयता, भाषिक उद्देश्यका आधारमा व्याख्या विश्लेषण गरी दुवै भाषा पाठ्यपुस्तकका सबल तथा दुर्बल पक्षको जानकारी गराउनु र उपयुक्त सुझाव दिनु यस शोधको मुख्य अभिप्राय रहेकोछ । प्रस्तुत अध्ययनका समस्याहरू बुँदागत रुपमा यसरी प्रस्तुत गरिएको छ ।

क) भाषा पाठ्यक्रमको उद्देश्य अनुरुप उल्लिखित भाषा पाठ्यपुस्तकमा कथा विधा राखिएको छ छैन?

ख) भाषिक सीप आर्जनका दृष्टिले उक्त दुई पाठ्यपुस्तक मध्ये कुन चाहिं बढी उपयोगी छ ?

ग) 'हाम्रो नेपाली किताब' कक्षा -६ र 'सजिलो नेपाली माला' कक्षा-६ का कथा विधाका सबल र दुर्वल पक्ष के के हुन् ?

## १.४ शोधका उद्देश्यहरू

प्रस्तुत शोध निम्नलिखित उद्देश्यमा केन्द्रित रहेकोछ :

क) भाषा पाठ्यपुस्तकका उद्देश्यका आधारमा उक्त दुई भाषा पाठ्यपुस्तकभित्र समाविष्ट कथा विधाको उपयुक्तताको विश्लेषण गर्नु ,

ख) भाषिक सीप आर्जनका दृष्टिले उक्त दुई भाषा पाठ्यपुस्तकहरू मध्ये कुन चाहिँ बढी उपयोगी छ भन्ने कुरा पत्ता लगाउनु ।

ग) 'हाम्रो नेपाली किताब' कक्षा -६ र 'सजिलो नेपाली माला' कक्षा-६ भित्र समाविष्ट कथा विधाका पाठहरूको तुलनात्मक अध्ययन विश्लेषण गरी उक्त किताबहरूका कथा विधाका पाठहरूको सबल र दुर्वल पक्ष पत्ता लगाई तिनको सुधारका लागि उपयुक्त सुझाव दिनु ।

## १.५. पूर्वकार्यको समीक्षा

कुनै पनि कार्यको थालनी गर्नु भन्दा अघि त्यस कार्यसँग सम्वन्धित पूर्वजहरूले गरेका कामका बारेमा चासो राखी अध्ययन विश्लेषण तथा अनुसन्धान गर्नु उपयुक्त हुन्छ । यसबाट आफूले जुन विषयमा अनुसन्धान गर्न खोजेको हो त्यसका बारेमा जनाकारी प्राप्त हुने गर्दछ । पूर्वजका अनुभव, अनुसन्धान र विश्लेषणका अनुभूतिबाट शोधकार्य गर्न इच्छुक व्यक्ति वा संस्थालाई पृष्ठपोषणको अवसर मिल्दछ । यिनै पृष्ठभूमिमा विभिन्न तह र तप्काका अनुसन्धाताहरूले गरेका कथा विधासँग सम्बन्धित अनुसन्धानात्मक शोधकार्यको खोजिनीति गरी

आफूले गर्न चाहेको "कक्षा ६ का 'हाम्रो नेपाली किताब' र 'सजिलो नेपाली माला' भित्र समाविष्ट कथा विधाको तुलनात्मक अध्ययन" का बारेमा उल्लेख गरिने छ । हालसम्म कथा विधासँग सम्वन्धित प्रा.वि., नि.मा.वि. र मा. वि. तहका कथाका वारेमा समीक्षा गरिएका शोधहरू पाइन्छन् । तर एकै समयका एउटै पाठ्यक्रममा आधारित, एउटै कक्षाका एउटै कथा विधाका बारेमा तुलनात्मक अध्ययन भने गरेको अनुसन्धान प्रबन्ध भेटिदैन । अब यसै सिलसिलामा यस शोधसँग सम्वन्धित अग्रज लेखक, समीक्षक र शोधकर्ताहरूले गरेका कार्यहरूको समीक्षालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

१. त्रिभुवन विश्वविद्यालय शिक्षा विकास तथा अनुसन्धान केन्द्रद्वारा **शिक्षालाई जीवनोपयोगी बनाउने कारक तत्त्वहरू** (२०४४) भन्ने शीर्षकमा गरिएको अध्ययनले प्राथमिक र माध्यमिक तहका नेपाली भाषाका पाठ्यपुस्तकमा दिइएको नमुना अभ्यासलाई सीपगत सन्तुलन नभएको र सिर्जनशीलतालाई भन्दा घोकन्ते प्रवृतिलाई महत्त्व दिइएको भनी निष्कर्ष निकालेको छ ।

२. हेमाङ्गराज अधिकारी (२०५९) द्वारा नेपाली विषयको विद्यालय तहको भाषा पाठ्यक्रम र पाठ्यपुस्तकका सन्दर्भमा गरिएको अध्ययनले पाठ्यक्रम र पाठ्यपुस्तकबीच सङ्गति नमिलेको, पाठ्यक्रममा पौराणिक र ऐतिहासिक विषयवस्तु बढी राखी स्तर सुहाउदो बोध तथा अभिव्यक्ति गर्ने सीप विकासका लागि उपयुक्त विषयवस्तुगत विविधताको कमी, पाठलेख्ने र अभ्यास गर्ने प्रविधिमा वैज्ञानिकता नभएको, मा.वि. तहको नेपाली किताबको कार्यमूलक व्याकरण भन्दा सैद्धान्तिक व्याकरणलाई बढी जोड दिइएको जस्ता कमजोरीहरू औंल्याइएको पाइन्छ ।

३. त्रिभुवन विश्वविद्यालय नेपाली भाषा शिक्षा विभागबाट इलोमा भट्टराई (२०६१) ले **कक्षा - सातको नयाँ पाठ्यक्रम  अनुसारका नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको विश्लेषणात्मक अध्ययन** शीर्षकमा शोधकार्य गर्नु भएको छ । उक्त शोधमा गरेका कथाहरूको पाठ्यकम अनुरूपता पहिल्याउने, भाषिक पक्षको विश्लेषण गर्ने, कथाको संरचना तथा भाषा शिक्षणका दृष्टिले कथाहरूको प्रयोजन केलाउने, कथा विधाको उद्देश्य अनुसार अभ्यासको विश्लेषण गर्ने उद्देश्यहरू रहेका छन् । उक्त उद्देश्य प्राप्त गर्नका लागि पुस्तकालयीय विधि, नमुना छनोट विधि, तालिकीकरण जस्ता विधिको उल्लेख गरिएको छ । यस शोधपत्रको निष्कर्षमा कथाहरू स्तर अनुरुप चयन नगरिएका, ती अभ्यासहरू प्रत्येक कथामा फरकपन रहेका जस्ता बुँदाहरू समेटिएका छन् ।

४. देवीप्रसाद आचार्य (२०६३) ले **कक्षा -६ को नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको पाठ्यक्रम अनुरूपताको अध्ययन** शीर्षकमा शोधकार्य सम्पन्न गरेका छन् । यसमा उद्देश्यहरू, नेपाल सरकार शिक्षा मन्त्रालयद्वारा निर्धारित कक्षा-६ को नेपाली पाठ्यपस्तकमा समावेश गरिएका कथाहरूको पाठ्यक्रमका उद्देश्यसँगको तालमेल पहिचान गर्नु, कथाहरूलाई पाठ्यक्रमका क्षेत्र र क्रमका आधारमा समीक्षा गर्नु, पाठयक्रमका उद्देश्यका दृष्टिले कथाका पाठहरूमा दिइएका नमुना अभ्यासहरूको विश्लेषण गर्नु र उक्त कथाहरूका छनौट र स्तरणको स्थिति पहिल्याउनु रहेको छ । उक्त उद्देश्यहरू पूरा गर्नका लागि अध्ययन विधिहरू उल्लेख नै नगरी यो शोधपत्र लेखिएको छ । यस शोधप्रबन्धको निष्कर्षमा पाठ्यक्रमको अनुरुपताका आधारमा अध्ययन केन्द्रित गरी पाठ्यक्रमको उद्देश्य अनुरुप कक्षा -६ मा कथा विधाको स्तरण र छनौट गरिएको वा नगरिएको ठम्याउने प्रयास गरिएको छ ।

यसरी माथि उल्लिखित पूर्व कार्यलाई दृष्टिगतगर्दा कुनै अध्यताले एउटा कक्षाको कथा विधाको विश्लेषण गरेको त केहीले पाठ्यक्रमसँग कथाविधाको अनुरूपता पहिल्याएको र कसैले कथा विधा भित्रको नमुना अभ्यास पहिल्याएको मात्र भेटियो । तसर्थ यस शोध प्रबन्धमा एउटै पाठ्यक्रममा आधारित एउटै कक्षाका एउटै समयका दुई अलग-अलग भाषा पाठ्यपुस्तकभित्र समाविष्ट कथा विधाका पाठहरूको तुलनात्मक विश्लेषण गरी स्तरीयता, उपयुक्तता र सबल तथा दुर्बल पक्षको जानकारी दिनु यस शोधको उद्देश्य राखी त्यही अनुरूपको निष्कर्ष निकालिएको छ ।

## १.६ शोधकार्यको औचित्य वा महत्त्व

वर्तमान सन्दर्भमा नेपालमा सामुदायिक र संस्थागत गरी दुई किसिमका विद्यालयहरू सञ्चालित छन् । ती विद्यालयमा एउटै पाठ्यक्रममा आधारित फरक-फरक किसिमका किताबहरू प्रयोग हुँदै आएको अवस्था जगजाहेरै छ । पाठ्यक्रम युगको आकाङ्क्षा, समाजको माग, सिकारुको चाहाना र समकालीन समाजको आवश्यकता परिपूर्तिका लागि तयार पारिन्छ । तसर्थ यसै सन्दर्भमा यी दुवै पाठ्यपुस्तकहरूमा कथा विधासँग सम्वन्धित विषयवस्तुहरू कुन बढी सान्दर्भिक, उपयोगी, स्तरीय, समय सापेक्ष एवं पाठ्यक्रमले अपेक्षा गरेका भाषिक र विषयगत उद्देश्यहरू प्राप्त गर्न सफल छन भन्ने कुरालाई यस अध्ययनले अगाडि ल्याउने

भएकाले परवर्तीहरूलाई  पनि यस किसिमको अध्ययन गर्नका लागि र स्वयं भाषा पाठ्यपुस्तक निर्माण र विकासका लागि यो अध्ययन उपयोगी हुने भएकोले प्रस्तुत अनुसन्धान स्वतः औचित्यपूर्ण रहेकोछ ।

## १.७ अध्ययनको सीमाङ्कन

प्रस्तुत अध्ययन निम्न माध्यमिक तह कक्षा -६का 'हाम्रो नेपाली किताब' र 'सजिलो नेपाली माला कक्षा- ६' भित्र समाविष्ट कथा विधाभित्रका पाठहरूको तुलनात्मक व्याख्या विश्लेषण आदिमा सीमित रहेकोछ । यस अध्ययनमा यी दुई पाठ्यपुस्तकमा समाविष्ट कथा पाठहरूको तुलनात्मक अध्ययन विश्लेषण गरी भाषिक सीप आर्जनका लागि कुन पाठ्यपुस्तक बढी उपयोगी छ भन्ने कुराको विश्लेषण गरिएको छ । यी बाहेकका अन्यपक्षहरू यसका सीमा हुन् ।

## १.८ अध्ययनविधि

प्रस्तुत शोधपत्र तयारीका लागि निम्न किसिमका अध्ययन विधिहरू अपनाइएको छ :

### १.८.१ पुस्तकालयीय विधि

प्रस्तुत शोधप्रबन्ध तयार गर्नका लागि पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ ।

### १.८.२ क्षेत्रीय अध्ययन विधि

प्रस्तुत अध्ययनमा सामग्रीहरूको विश्लेषणका लागि मूलतः तुलनात्मक विधिको प्रयोग गरिएको छ । यसका अतिरिक्त आवश्यकता अनुसार प्रस्तुत अध्ययनमा वर्णनात्मक विधिको पनि प्रयोग गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा/अध्याय विभाजन

प्रस्तुत शोधप्रबन्धलाई निम्नानुसारका अध्यायमा प्रबन्धन गरिएको छ :

अध्याय - १  शोध परिचय

अध्याय - २ कथा विधाको सैद्धान्तिक परिचय

अध्याय -३ पाठ्यक्रमको परिचय तथा निम्न माध्यमिक तह कक्षा- ६ नेपाली भाषा पाठ्यक्रम

अध्याय - ४ कक्षा - ६ का ‘हाम्रो नेपाली किताब’ र ‘सजिलो नेपाली माला’ भित्र समाविष्ट कथा विधाका पाठ्यसामग्रीहरूको तुलनात्मक अध्ययन ।

अध्याय - ५ उपसंहार तथा निष्कर्ष

# अध्याय - दुई

# कथाविधाको सैद्धान्तिक परिचय

## २. कथा विधाको उत्पत्ति र परिचय

साहित्यका विभिन्न विधाहरूमध्ये कथा विधा पनि एक हो । 'कथा' शब्द संस्कृत भाषाबाट आएको तत्सम शब्द हो । कथा-कथ् धातुमा 'आ' प्रत्यय लागि बनेकोछ जसको अर्थ घटना वा आख्यान भएको रचना वा कहानी हुन्छ (अधिकारी : २०६१) पूर्वीय साहित्यिक परम्परमा कथाको आदिम स्रोत ऋग्वेद मानिए पनि आधुनिक कथा पश्चिमकै देन मानिन्छ (पोखेल : २०४०) । कथा विधाले जन्मसँगै गद्य रूप पाएर विकास भएको हुँदा यसले पूराऐतिहासिक र प्रागैतिहासिक कालीन पूराकथा, दन्त्यकथा, पौराणिक कथा, लोककथा परम्परामा आर्जित आनुवंशिक गुणलाई गर्भमा राख्दै जुन प्रकारको एक विशिष्ट पद्धतिमूलक अनुशासन उपलब्ध गऱ्यो, कालान्तरमा त्यसले कलासौन्दर्यको निर्माण गरी यसका अङ्ग प्रत्यङ्ग कथा घटक तत्त्वका रूपमा स्थापित भएर यसको सैद्धान्तिक आधार तयार भयो ।

## २.१ पूर्वीय एवं पाश्चात्य साहित्यकार, समीक्षक एवं विद्वान्हरूका नजरमा कथा

पूर्वमा वाल्मीकि र व्यासको अथक साहित्यिक साधनाबाट रामायण र महाभारत जस्ता महान कथावस्तु भएका ग्रन्थ लेखिए । चारवेदको निर्माण भयो । कालान्तरमा आएर यिनै ग्रन्थहरू कथा निर्माणका भरपर्दा स्रोत बने । यसै पृष्ठभूमिमा पूर्वीय विद्वान्हरूका कथासँग सम्बन्धित केही उल्लेख्य परिभाषाहरू समीक्षात्मक रूपमा वर्णन गरिन्छ :

महाभारतमा सत्यम्, शिवम् र सुन्दरम्लाई अभिव्यक्त गर्ने आख्यान नै कथा हो भनिएको छ भने भामहले सत्य घटनामा आधारित आख्यान नै कथा हो भनेकाछन् । त्यसैगरी गुरुप्रसाद मैनालीले कुनै एउटा पात्रका जीवनको सङ्कटमय घटनालाई कलापूर्ण रीतिले लेख्नु नै कथा रचना हो भन्ने परिभाषा गरेका छन् । यसरी नै गोविन्द मल्ल गोठालेले जीवनमा आइपरेको घटनाको स्मृति नै कथा हो भनेका छन् । रत्नध्वज जोशीका अनुसार आधुनिक कथा यस्तो कला हो जसले केही मिनेट भित्रैमा पाठकको हृदयमा चिरस्थायी प्रभाव परिसक्दछ । यसैगरी भारतीय विद्वान् गुलाव रायले लघुकथा स्वतः पूर्ण रचना हो, जसमा एक तथ्य वा

प्रभावलाई अग्रसर गर्ने व्यक्तिकेन्द्रित घटना वा घटनाहरूको आवश्यक उत्थान, पतन र मोडका साथै पात्रहरूको चरित्रमाथि प्रकाशपार्ने वर्णन हो भनी कथालाई चिनाएका छन् । यसैक्रममा नेपाली विद्वान लक्ष्मीप्रसाद देवकोटाले कथा एउटा आँखीझ्याल हो, जहाँबाट एउटा सानो संसार चियाइन्छ भन्ने मत अघि सारिएको पाइन्छ (लामिछाने : २०६४) ।

पाश्चात्य विद्वान्हरूका नजरमा कथालाई नियाल्दा समरसेट मभले आदि, मध्य र अन्तयुक्त विशिष्ट ढाँचाको रचनाशैली नै कथा हो भनेका छन् भने जे. वर्ग एसेनवाइनले कथा एउटै सर्वप्रमुख घटना र एउटै केन्द्रीय चरित्रको उद्घाटन गर्ने छोटो कल्पनात्मक इतिवृत हो भन्ने विचार जाहेर गरेको पाइन्छ । मेक्सिम गोर्कीचाहिं कथा भनेको मनुष्य जीवनको गति र अनुभूतिको सशक्त र उज्यालो पक्षको आस्थापूर्ण उद्घाटन हो भन्ने विचार राख्दछन् । यसैगरी हड्सनले कथा एक बसाइमा सजिलैसित पढिसकिने विधा हो भनी आफ्नो राय अघि सार्दछन् । कथा विधालाई चिनाउने क्रममा एच.जी. वेल्सले बीस मिनेटमा पढिसकिने सङ्क्षिप्त आख्यान लघुकथा हो भन्ने विचार प्रस्तुत गर्दछन् (लामिछाने : २०६४) ।

यसरी माथि उल्लिखिन पूर्वीय, पाश्चात्य र नेपाली विद्वान, समीक्षक वा परिभाषाकारका दृष्टिकोणमा कथा सङ्क्षिप्त, आदि-मध्य र अन्तको पारस्परिक सम्बन्ध निश्चित आयाम तथा संरचना एवम् मूल्य भएको गद्यात्मक अभिव्यक्ति हो भन्न सकिन्छ (लामिछाने : २०६४) ।

## २.२ कथाका तत्त्वहरू

कथा निर्माणका उपकरणलाई कथाका तत्त्व भन्ने गरिन्छ । कथा निर्माणका लागि चाहिने यसका संरचक घटकलाई कथाका तत्त्व भनिन्छ । कथाका तत्त्वहरू निश्चित रूपमा किटान नभए तापनि कथानक (कथावस्तु), पात्र (चरित्र), परिवेश, भाषाशैली, उद्देश्य र दृष्टिविन्दु यसका घटक तत्त्व मान्ने गरिन्छ । अब यी तत्त्वहरूको छोटकरीमा प्रस्तुत गरिन्छ ।

### २.२.१ कथावस्तु/कथानक

कथाको प्राणनै कथावस्तु वा कथानक हो । कथानक विना कथा निर्माण हुन सक्दैन । कथावस्तुभित्र कार्यव्यापार हुन्छ । कथानक आदि-मध्य र अन्त्यको क्रममा रैखिक वा वृत्ताकारीय ढाँचामा लेखिएको हुनुपर्छ । कथाको कथावस्तु सामाजिक, पौराणिक, लोकपरम्परित,

समसामयिक आदि हुने गर्दछन् । कथामा कथावस्तु अस्थिपञ्जर हो भने अन्य भाव-भाषा एवं वर्णन चित्रण आदि मांशपेशी हुन (पोखरेल : २०४०) ।

### २.२.२ चरित्र-चित्रण /पात्र

कथावस्तुको कार्यव्यापार गर्ने अङ्ग चरित्र चित्रण हो । यसलाई पात्र पनि भन्ने गरिन्छ । कथालाई स्तरीय एवं उत्तमोत्तम बनाउने मूल तत्त्व नै चरित्र चित्रण हो (पोखरेल : २०४०) चरित्रलाई लिङ्ग, कार्य, प्रवृति, स्वभाव, जीवन चेतना, आसन्नता र आबद्धताका आधारमा वर्गीकरण गर्न सकिन्छ ।

### २.२.३ परिवेश

परिवेश भनेको कथावस्तुको कार्यव्यापार घटित ठाउँ, स्थान र समय हो । यसलाई देश, काल र वातावरण पनि भन्ने गरिन्छ । पात्रको चारित्रिक स्थितिलाई प्रष्ट पार्ने र पात्रगत क्रियाकलापलाई देशकाल र परिस्थितिले सहयोग पुऱ्याउँछ । (लामिछाने : २०६४ : १३)

### २.२.४ भाषाशैली

भाषाशैली कथाको अनिवार्य घटक तत्त्व हो । भाषाशैली विना चरित्रले कथावस्तुलाई पस्किन सक्दैन । भाषाशैली सरल, सहज, स्तरीय, समय सापेक्ष, कथावस्तुको आशय अनुसार प्रयोग गर्नुपर्दछ । कथामा अभिव्यक्त माध्यम भाषा हो भने भाषाको माध्यमद्वारा प्रस्तुत गर्ने धारणा वा विचार प्रष्ट्याउने ढङ्ग वा ढाँचालाई शैली भन्ने गरिन्छ ।

### २.२.५ दृष्टिविन्दु

कथा भन्नका लागि समाख्याता उभिने स्थाननै दृष्टिविन्दु हो । कथाको घटना तथा पात्रहरूको उल्लेख कुन रूपमा कसरी गर्दछ भन्नेकुरा यसैमा गरिन्छ । कथामा प्रथम पुरुषीय दृष्टिविन्दु र तृतीय पुरुषीय दृष्टिविन्दु गरी दुई प्रकारका हुन्छन ।

### २.२.६ सारतत्त्व / उद्देश्य

आख्यानको मूल विचार नै सारतत्त्व वा उद्देश्य हो । कथामा यो केन्द्रीय भावका रूपमा रहने गर्दछ । कथाको सन्देश, विचारधारा, चिन्तन वा लेखकीय दृष्टिकोण उद्देश्यमा नै समाहित भएको हुन्छ । साना कक्षाका विद्यार्थीहरूले कथा पढिसकेपछि नीति निर्देशनका रूपमा नभए तापनि उनीहरूलाई कथाको उद्देश्यले सही मार्ग निर्देशको काम भने गर्ने खालको हुनुपर्दछ । निष्कर्षमा भन्नुपर्दा कथा पाठ्य वा श्रब्य विधा हो । यो मुख्य रूपमा पढाइ प्रयोजनका लागि निर्माण गरिन्छ । कथा छोटो बसाइमा पढिसकिने लेखिनु उपयुक्त हुन्छ । पाठकलाई प्रेरणा, सत्मार्ग, सन्देश र चारित्रिक सुधारका लागि शिक्षा दिइने खालको विषयवस्तु छान्नु कथाकारको लक्ष्य हुनुपर्दछ । तसर्थ कथा सरल भाषाशैली, मिठासपूर्ण शब्दचयन, सन्देशमूलक र समसामयिक विषयवस्तु रहनु उपयुक्त मानिन्छ ।

### २.३ कथाको वर्गीकरण

कथालाई विभिन्न प्रकृतिका आधारमा विभाजन गर्ने चलन छ, जसमा कथालाई विषयवस्तु, प्रवृत्ति, उद्देश्य र शैलीका आधारमा वर्गीकरण गर्ने प्रचलन उपयुक्त मानिन्छ । (लामिछाने : २०६४ : ४)

### २.३.१ विषयवस्तुका आधारमा कथाको वर्गीकरण

सामाजिककथा ऐतिहासिककथा पौराणिककथा लोककथा दन्त्यकथा मनोवैज्ञानिककथा दार्शनिककथा

### २.३.२ प्रवृत्तिका आधारमा कथाको बर्गीकरण

आदर्शवादी यथार्थवादी स्वच्छन्दतावादी प्रगतिवादी अस्तित्ववादी विसङ्गतिवादी प्रकृतिवादी प्रयोगवादी समसामयिक

### २.३.३ उद्देश्यका आधारमा कथाको वर्गीकरण

घटनाप्रधानकथा चरित्रप्रधानकथा समस्याप्रधानकथा विचारप्रधानकथा

### २.३.४ शैलीका आधारमा कथाको वर्गीकरण

वर्णनात्मकशैली पत्रात्मकशैली स्वगतकथात्मकशैली डायरीशैली

यसरी विभिन्न आधारमा कथा विधालाई वर्गीकरण गर्न सकिन्छ । विद्यालय तहको नि.मा.वि. तहमा राखिने कथाहरू लोककथा, पौराणिककथा, सामाजिककथा र आधुनिककथा कक्षाको स्तर, पाठ्यक्रमको उद्देश्य र सिकारुको रूचिलाई ध्यानमा राखी छनौट र स्तरण गर्नु सान्दर्भिक मानिन्छ ।

# अध्याय-तीन

# पाठ्यक्रम, भाषा पाठ्यक्रम र विधाको छनोट

पाठ्यक्रम निश्चित उद्देश्यलाई पूरा गर्न बनाउने शैक्षिक कार्यक्रम हो (जवरा र अरू २०६४ : ५८) । यो शिक्षाको राष्ट्रिय उद्देश्यबाट निर्देशित हुने गर्दछ । त्यसैले पाठ्यक्रमको परिभाषा, भाषा पाठ्यक्रम, आदिको बारेमा चर्चा गर्दा शिक्षाको राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य र कक्षागत उद्देश्यका बारेमा चर्चा गर्नु सान्दर्भिक ठानी त्यसवारे छोटकरीमा निम्नानुसार चर्चा गरिन्छ :

## ३.१ पाठ्यक्रमको परिचय

पाठ्यक्रम शैक्षिक उद्देश्य पूरा गर्ने योजना हो । असल र स्तरयुक्त पाठ्यक्रमले मात्र अपेक्षित शैक्षिक उपलब्धिहरू हाँसिल हुन सक्छन् । पाठ्यक्रमका बारेमा वा विभिन्न क्षेत्रका सङ्कलित तथा सम्पादित लेख, रचना, पुस्तक वा विभिन्न श्रद्धेय विद्वानहरुका परिभाषाबाट पाठ्यक्रमको अर्थ र यसको सान्दर्भिकता झल्किन्छ :

नेपाली बृहत शब्दकोश-२०५७ ले पाठ्यक्रमको परिभाषा दिदै पढाउनका निम्ति तोकिएको विषय र त्यसको पूर्वापरक्रमलाई पाठ्यक्रम भनिन्छ भन्ने आशय व्यक्त गरेको पाइन्छ । यसैक्रममा फ्रोबेलले पाठ्यक्रमलाई मानवजातिको सम्पूर्ण ज्ञान र अनुभवको सार सम्झनु पर्दछ भन्ने विचार प्रकट गरेका छन् । हेमाङ्गराज अधिकारीद्वारा लिखित प्रयोगात्मक नेपाली शब्दकोशमा विद्यार्थीले शिक्षालयमा एक वा अनेक विषयमा खास अवधिभित्र आर्जित गर्न सक्ने अनुभव, ज्ञान, सीप आदिको शैक्षिक योजना हो भन्ने कुरा उल्लेख गरिएको छ । त्यसैगरी नेपाली शब्दसागरमा पढाउन तोकिएको विषय र त्यस विषयको क्रमलाई पाठ्यक्रम भनिन्छ भनी भनिएको छ भने हिल्डा तावाले ‘पाठ्यक्रम सिकाइको एक योजना हो भनी परिभाषित गरेकी छन् ।

माथि उल्लेख भएका विभिन्न परिभाषाहरुको समग्रमा विश्लेषण गर्दा पाठ्यक्रमलाई शैक्षिक क्रियाकलापहरूको एउटा सङ्गठित तथा सुव्यवस्थित रूप मान्न सकिन्छ । यसमा विद्यालय हाताभित्र र बाहिर सञ्चालन गरिने शैक्षिक क्रियाकलापहरू पर्दछन् जुन सदैब विद्यार्थीको हित अनुकुल हुनुपर्दछ । पाठ्यक्रमभित्र शिक्षाको राष्ट्रिय उद्देश्यहरू, तहगत उद्देश्य, कक्षागत उद्देश्य, विषयगत उद्देश्य र पाठगत उद्देश्यहरु समावेश गरिएको हुन्छ । यसर्थ व्यक्ति, समाज र राष्ट्रकै सर्वाङ्गीण भलाइका लागि आवश्यक योग्य, दक्ष र प्रतिभावान जनशक्तिको आवश्यकता पूरा गर्न पाठ्यक्रम सक्षम हुनु पर्दछ । शिक्षाका राष्ट्रिय उद्देश्य परिपूर्तिका लागि सम्बन्धित तहमा तदनुरूपको पाठ्यक्रमको व्यवस्था गरिएको हुन्छ । यसर्थ यहाँ निम्नमाध्यमिक तहको नेपाली भाषापाठयक्रमको चर्चा गर्नु पूर्व शिक्षाका राष्ट्रिय उद्देश्यलाई प्रस्तुत गरिएको छ ।

## ३.२ भाषा पाठ्यक्रमको परिचय

भाषाका सुनाइ बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सीपहरू प्राप्तिको उद्देश्य राखी बनाइएको शैक्षिक योजनालाई भाषा पाठ्यक्रम भनिन्छ । भाषा पाठ्यक्रमले सिकारूका बोध क्षमता र अभिव्यक्ति क्षमताको विकासका लागि गर्नुपर्ने सम्पूर्ण क्रियाकलापलाई मार्गदर्शन, नियन्त्रण र निर्देशन गर्छ (ढकाल : २०६७) । भाषा पाठ्यक्रमले बिद्यार्थीमा ल्याउन खोजेको सिकाइ उपलब्धिलाई उद्देश्यका आधारमा पाठ्यवस्तु, तिनीहरूको प्रस्तुतिक्रम, उद्देश्य प्राप्त गर्न प्रयोगमा ल्याउन सकिने शैक्षिक सामाग्रीहरू, शिक्षण क्रियाकलाप सञ्चालन गर्न उपयोगमा ल्याइने शिक्षण विधि र अपेक्षा गरिएका उद्देश्यहरू पूरा भए नभएको वस्तुपरक रूपले लेखाजोखा गर्ने मूल्याङ्कन जस्ता प्रविधि समेत समाविष्ट गरिएको हुन्छ । अरू विषयका पाठ्यक्रमले विषयवस्तुको ज्ञान पक्षलाई विशेष जोड दिएको हुन्छ तर भाषा पाठ्यक्रमले भाषिक सीप हाँसिल गर्ने कुरालाई जोड दिएर विषयवस्तुजन्य ज्ञानलाई साधन र भाषिक सीपलाई साध्यको रूपमा हेर्दछ (ढकाल : २०६७) ।

भाषा पाठ्यक्रमको सन्दर्भमा पाठ्यक्रमको जस्तै विभिन्न परिभाषाहरू प्रस्तुत गरिएको पाइदैन तर पनि भाषा सिकाइको वास्तविक लक्ष्य र अर्थ प्राप्त गर्ने साधनका रूपमा यसलाई परिचित गराउदै विद्यालय भित्र वा बाहिरको परिवेशमा भाषा शिक्षणका अपेक्षित उद्देश्य प्राप्त गर्न गरिने यावत् प्रयासलाई भाषा पाठ्यक्रम भनिन्छ ।

## ३.३ निम्न माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम र यसको उद्देश्य

वर्तमान सन्दर्भमा निम्न माध्यमिक तह भन्नाले कक्षा ६, ७ र ८ कक्षालाई बुझाउँछ । यस शोधको विषयक्षेत्र निम्न माध्यमिक तहको भाषा पाठ्यपुस्तकसँग सम्बन्धित रहेकोले अब निम्न माध्यमिक तहको नेपाली विषयका साधारण उद्देश्य र विशिष्ट उद्देश्यहरूको बारेमा उल्लेख गरिन्छ ।

### ३.३.१ नेपाली भाषापाठ्यक्रमको साधारण उद्देश्य

१. उच्चारित ध्वनिहरको भिन्नता पहिल्याउन र सोहीअनुरुप उच्चारण गर्न

२. अरुद्वारा अभिव्यक्त विचार बुझ्ने गरी सुन्न

३. शब्दहरुको शुद्ध र स्पष्ट उच्चारण गर्न

४. सुनेको विषयवस्तुको मुख्यमुख्य कुरा बताउन

५. आफूले देखेको, सुनेका र अनुभव गरेका विषयवस्तुमा मौखिक अभिव्यक्ति दिन

६. आफूले भन्न चाहेका कुरालाई हाउभाउपूर्ण एवम् प्रभावकारी ढङ्गले अभिव्यक्ति दिन

७. कुराकानी, संवाद, वादविवाद, प्रश्नोत्तर, छलफल आदि मौखिक अभिव्यक्तिहरूमा भाग लिन

८. लिखित सामग्रीहरूलाई भावअनुसार गति, यति मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न

९. विभिन्न प्रयोजनका लागि लिखित सामग्रीहरू मौन वाचन गर्न

१०. विभिन्न उद्देश्यले लिखित सामग्रीहरू पढ्न

११. पठित शब्दहरूको सन्दर्भपूर्ण प्रयोग गर्न

१२. पढेका विषयवस्तुको सारांश भन्न र लेख्न

१३. आफूले देखेसुनेका र अनुभव गरेका विषयवस्तुमा लिखित अभिव्यक्ति दिन

१४. उपयुक्त वाक्यगठन, हिज्जे, विरामचिन्ह आदि मिलाई शुद्धसँग लेख्न

१५. स्तरअनुसारका विषयहरूमा सन्दर्भ र सिलसिला मिलाई मौलिक रचना गर्न

१६. पठित शब्दहरूलाई हिज्जे मिलाई लेख्न

१७. पाठमा प्रयुक्त उखानटुक्काहरूको प्रयोग गर्न

१८. विशिष्ट अंशहरूको भावविस्तार गर्न

१९. स-साना मौलिक रचनाहरू सन्दर्भ र सिलसिला मिलाई लेख्न

२०. विभिन्न विषयहरू पढी शब्दभण्डारको बृद्धि गर्न

२१. व्याकरणका आधारभूत तत्त्व बुझी तिनको उपयुक्त प्रयोग गर्न

२२. नेपाली भाषामा लेखिएका विभिन्न विधाका समसामयिक पाठ्यसामग्रीहरू पढ्ने अभिरूचिको विकास गर्न

२३. उद्देश्यअनुसारका विभिन्न पठन कौशलहरूको विकास गर्न

२४. शिष्ट र शुद्ध भाषाको प्रयोग गर्ने बानी बसाल्न

२५. साहित्यिक रचनाहरू पढ्ने अभिरूचि बढाउन ।

**(स्रोत : पा.वि. केन्द्र (२०५८) नि.मा.वि. तहको नेपाली भाषा पाठ्यक्रम )**

निम्नमाध्यमिक तहभित्र कक्षा ६,७ र ८ कक्षाहरू पर्दछन् । तर यस अध्ययनको केन्द्रविन्दु कक्षा ६ भएकाले अब कक्षा ६ को मात्र विशिष्ट उद्देश्यको बारेमा उल्लेख गरिएको छ ।

### ३.३.२ कक्षा-छ नेपाली भाषाको विशिष्ट उद्देश्य

#### ३.३.२.१ सुनाइ र बोलाइ

१. उच्चारित ध्वनिहरू सुनी तिनको भिन्नता पहिल्याउन

२. शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न

३. अरूले भनेका कुरा ध्यानपूर्वक सुन्न र भन्न

४. सामान्य मौखिक वर्णनहरू सुनी मुख्य कुरा बताउन

५. कविता, गीत, कथा आदि आनन्दका साथ सुनी प्रतिक्रिया जनाउन

६. स-साना कुराकानी, संवाद, प्रश्नोत्तर आदि सुनी मौखिक अभिव्यक्तिमा भाग लिन

७. आफुले देखेसुनेका र बुझेका वस्तु, वातावरण र घटनाका विषयमा सामान्य वर्णन गर्न

८. सिलसिला र हाउभाउ मिलाई बोल्न

**(स्रोत : पा.वि. केन्द्र (२०५८) नि.मा.वि. तहको नेपाली भाषा पाठ्यक्रम )**

**३.३.२.२ पढाइ**

१. लिखित सामग्रीलाई गति, यति र लय मिलाई शुद्ध र स्पष्टसँग वाचन गर्न

२. मुख्यमुख्य कुरा बताउन सक्ने गरी विभिन्न पाठ पढ्न

३. लिखित सामग्रीहरूको मौनवाचन गर्न

४. विभिन्न उद्देश्यले विधागत पाठहरू पढ्न

५. पाठमा प्रयुक्त शब्दहरूको आशय बुझी प्रयोग गर्न

६. विभिन्न विधाका पाठहरू भाव ठम्याई पढ्न

७. विभिन्न विधाका पाठहरूबाट शब्दभण्डारको वृद्धि गर्न

**(स्रोत : पा.वि. केन्द्र (२०५८) नि.मा.वि. तहको नेपाली भाषा पाठ्यक्रम )**

**३.३.२.३ लेखाइ**

१. हिज्जे मिलाई सफा र शुद्धसँग लेख्न

२. लेख्यचिह्नहरूको उपयुक्त प्रयोग गरी लेख्न

३. शब्द, वाक्य र पाठका अंशहरू सुनेर लेख्न

४. आफूले देखेका, बुझेका वस्तु तथा घटनाहरूको लिखित वर्णन गर्न

५. स-साना रचनाहरू (अनुच्छेद, चिठी र निवेदन आदि) सिलसिला मिलाई लेख्न

६. आफ्नो रुचिअनुसारका विषयमा स-साना मौलिक रचना गर्न

७. विशिष्ट अंशको भावविस्तार गर्न

८. वाक्यमा पदसङ्गति आदि बुझी तिनको उपयुक्त प्रयोग गर्न

९. सुनेका, पढेका विषयवस्तुको सार लेख्न

**(स्रोत : पा.वि. केन्द्र (२०५८) नि.मा.वि. तहको नेपाली भाषा पाठ्यक्रम )**

## ३.४ विधाको छनोट र पाठहरूको वितरण

सामान्यतया निम्नलिखित विधामा कक्षागत रूपमा पाठहरूको वितरण गर्नु उपयुक्त हुनेछ भनी निम्नमाध्यमिक तहको नेपाली भाषा पाठ्यक्रममा व्यवस्था गरिएको छ ।

**तलिका नं. १**

| विधा | पाठसंख्या | | |
|---|---|---|---|
| | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| कथा | ५-६ | ५-६ | ५-६ |
| कविता | ४ | ४ | ४ |
| प्रबन्ध/निबन्ध | ५-६ | ५-६ | ५-६ |
| रूपक | २ | २ | २ |
| जीवनी | ३-४ | ३-४ | ३-४ |
| चिठी | २ | २ | २ |
| जम्मा | २१-२४ | २२-२४ | २३-२७ |

**(स्रोत : पा.वि. केन्द्र (२०५८) नि.मा.वि. तहको नेपाली भाषा पाठ्यक्रम)**

यस तालिकामा उल्लेख कथा विधाका पाठहरू वितरण गर्दा कक्षा ६ का लागि पाँच देखि छवटा कथाहरू समाविष्ट गर्नुपर्ने पाठ्यक्रमले निर्देश गरेको छ । सरकारी विद्यालयको कक्षा ६ मा पठन पाठन गरिदै आएको हाम्रो नेपाली किताबमा पाँचवटा कथा हरू छनोट गरी समाविष्ट गरिएको छ भने अर्को तुलनीय किताब निजी विद्यालयमा पठनपाठन गरिने सजिलो नेपाली माला किताबभित्र छवटा पाठहरू विन्यास गरिएकोछ । यी दुवै पाठ्यपुस्तकले पाठ्यक्रमको निर्देशन र भावनालाई सन्तुलित रूपमा प्रयोग गरेको भेटिन्छ ।

समग्रमा विभिन्न विधाका पाठहरु समावेश गर्दा विषयक्षेत्र र अभिव्यक्तिगत विविधताका बीच सन्तुलन, भाषाको समसामयिक प्रयोग, स्तरअनुरूपता, रुचिपूर्णता आदिलाई ध्यान दिइएको छ ।

# अध्याय - चार

## कक्षा -६ का 'हाम्रो नेपाली किताब' र 'सजिलो नेपाली माला' नेपाली भाषा पाठ्यपुस्तकका कथाविधाका पाठ्यसामाग्रीहरूको तुलनात्मक अध्ययन

यस शोधपत्रको मूलमर्म यस अध्यायबाट ठम्याउने प्रयत्न गरिएको छ । कक्षा ६मा पढ्ने बालबालिकाको उमेर सरदर ११ वर्षको हुन्छ । संज्ञानबादी मनोवैज्ञानीक पियाजे (Piaget) का अनुसार ठोस क्रियात्मक चरण पार गरी औपचारिक क्रियात्मक चरणमा प्रवेश गरेका बालबालिकाहरू कक्षा ६ देखि माथिका कक्षामा पढ्ने गर्दछन् (रेग्मी :२०६७ : ११६) । यस अध्यायमा विश्लेषण गरिने पाठहरूको शब्दभण्डार, वाक्यगठन, बोधगम्यता, सुसिक्यता र पाठ्यक्रम अनुरूपताका आधारमा 'हाम्रो नेपाली किताब' कक्षा ६ र सजिलो नेपाली माला' कक्षा ६ भित्र समाविष्ट कथा पाठका सेरोफेरोमा रही तुलनात्मक अध्ययन गरिएको छ ।

| हाम्रो नेपाली किताव भित्रका कथाहरू | सजिलो नेपाली माला भित्रका कथाहरू |
|---|---|
| १. युक्तिसामु शक्ति टिक्दैन (लोककथा ) | मूर्ख कछुवा (लोककथा ) |
| २. ठुले र साने (सामाजिककथा) | स्याउको रूख (सामाजिककथा) |
| ३. डुहुरे मुसा र सेतो बिरालो (लोककथा) | जामुना गुभाजू(लोककथा) |
| ४. युधिष्ठिरको परीक्षा (पौराणिककथा ) | हाकिमको दारी (लोककथा) |
| ५. सारौ र कमिलो (लोककथा ) | अचम्मको जाँतो र भाले (लोककथा) |
| | होसियारी र बुद्धिमानी (पौराणिककथा ) |

माथि उल्लिखित दुई भाषा पाठ्यपुस्तक भित्रका कथाहरूलाई निम्न उपशीर्षक दिई अध्ययन गरिएको छ ।

### ४.१ शब्दभण्डार :

नेपाली भाषा शब्दभण्डारका आधारमा अरू भाषा भन्दा धनी मानिन्छ । हर्लकका अनुसार पहिलो कक्षाका बालबालिकाले २० देखि २४ हजारसम्म शब्दहरू जान्दछन भने कक्षा ६ पूरा गर्दा ५० हजार शब्दहरू जान्ने हुन्छन् (शर्मा : २०६६) । शब्दका अर्थ, उच्चारण, उखान टुक्का,

अनुकरणात्मकशब्द, पर्यायवाचीशब्द, विपरीतार्थीशब्द, अनेकार्थीशब्द, श्रुतिसमभिन्नार्थी जस्ता रूपहरू शब्दभण्डार अन्तर्गत अध्ययन गरिन्छ (माध्यमिक शिक्षा पाठ्यक्रम : २०६४ : १६) । तल यस उपशीर्षक अन्तर्गत रही कथाको अध्ययन गरिन्छ ।

**'युक्तिसामु शक्ति टिक्दैन' कथा**

यो कथा हाम्रो नेपाली किताव कक्षा ६ मा समाविष्ट लोककथा हो । यो कथा दोस्रो पाठमा स्तरण गरिएको छ । यस पाठको शब्दार्थमा अघिल्लो पाठको ८३% नयाँ शब्दको अर्थ दिएको छ । भाषा पाठ्क्रममा २०% नयाँ शब्द थप्दै जानु पर्ने नियमलाई यस पाठमा कार्यान्वयन गरेको देखिदैन । चार पानामा लेखिएको यस कथामा कक्षा ६ का विद्यार्थीहरूलाई सुहाउदो स्तरमा चित्रको पनि समायोजन गरिएको छ । बाटो तताउनु, स्वाहा हुनु , मनमा चस्का पस्नु जस्ता टुक्का, ख्वाल्लपार्नु, व्याकुल हुनु जस्ता अनुकरणात्मक शब्दले कथा मिठासपूर्ण बनाएको छ । उच्चारणको आधारमा यस कथामा भएका शब्दहरू कठिन छैनन् । केही पर्यायवाचीशब्दहरू पनि कथामा भेटिन्छन् । शब्द भण्डार अन्तर्गत निम्न प्रकृतिका शब्दहरू यस पाठभित्र समाविष्ट भएको पाइन्छ :

पर्यायवाचीशब्द : चन्द्रदेव - चन्द्रमा, ताल - पोखरी, गजराज - हात्ती ।

विपरीतार्थीशब्द :

श्रुतिसमभिन्नार्थीशब्द :

अनेकार्थीशब्द :

अनुकरणात्मकशब्द : प्याकप्याक्ती, टनाटन आदि ।

टुक्का : बाटो तताउनु, हाहाकार मच्चिनु, मनमा चस्का पस्नु आदि ।

उखान : के खोज्छस काना आँखो ।

**'मूर्ख कछुवा' कथा**

'सजिलो नेपाली माला' किताब संस्थागत विद्यालयमा नेपाली भाषा पाठ्यक्रमको उद्देश्य पूरा गर्न छनोट गरिएको छ । यो कथा दोस्रो पाठमा स्तरण गरिएको लोककथा हो । यस पाठको शब्दार्थमा अघिल्लो पाठको २६% ले नयाँ शब्द समावेश गरिएको छ । जुन नयाँ शब्द थप गर्ने

नियमलाई पालना भएको भन्न सकिन्छ । मन अमिलो हुनु, ज्यानको माया गर्नु, मुख भरि पानी आउनु जस्ता टुक्काहरूको प्रयोग भएको भेटिन्छ । उच्चारणगत अध्ययनका आधारमा यो कथा सजिलो कथा मान्न सकिन्छ । शब्दभण्डार अन्तर्गत यस पाठमा निम्न प्रकृतिका शब्दहरू समाविष्ट भएको पाइन्छः

पर्यायवाचीशब्द :

विपरीतार्थीशब्द : आकाश-पाताल, सफल-विफल ।

श्रुतिसमभिन्नार्थीशब्द :

अनेकार्थीशब्द :

अनुकरणात्मकशब्द : बुरूक्क, सिनित्तै, बऱ्याकबुरूक्क, भ्यात्त ।

टुक्का : पिर पर्नु, जाल हान्नु, मन अमिलो पार्नु, मन खिन्न हुनु आदि ।

उखान :

## ठूले र साने

‘ठूले र साने’ कथा ‘हाम्रो नेपाली किताब’ कक्षा -६ मा समाविष्ट सामाजिक कथा हो । यस पाठको शब्दार्थमा अघिल्लो पाठको तुलनामा ५२.१७% नयाँ शब्द थपिएको छ । पाठ्यक्रमले २०% हरेक पाठमा नयाँ शब्द थप्नु पर्ने नियमलाई यस पाठमा कार्यान्वयन गरेको भेटिदैन । केही पर्यायवाची शब्द, कम अनुकरणात्मक शब्द र यथेष्ट मात्रामा उखान टुक्काको प्रयोगले कथालाई स्वादिलो बनाएको छ । शब्दभण्डार अन्तर्गत निम्न प्रकृतिका शब्दको समायोजन यस कथामा भेट्टाइन्छ ।

पर्यायवाचीशब्द : जग्गा-जमिन, खेत-बारी, जुक्ति-बुद्धि आदि ।

विपरीतार्थीशब्द :

श्रुतिसमभिन्नार्थीशब्द :

अनेकार्थीशब्द :

अनुकरणात्मकशब्द : हुरुक्क

टुक्का : हातमुख जोडनु, फर्कोफर्को गर्नु ।

उखान : ढुङ्गा खोज्दा देउता मिल्नु, काला अक्षर भैसी बराबर, हात्तीको मुखमा जिरा ।

**स्याउको रूख**

'स्याउको रूख' 'सजिलो नेपाली माला' कक्षा -६ मा  सामाविष्ट सामाजिक कथा हो । यस पाठको शब्दार्थमा अघिल्लो पाठको तुलनामा ५५.५५% नयाँ शब्दको अर्थ दिएको छ जुन पाठ्यक्रमको उद्देश्य अनुरूप देखिदैन । यस पाठमा अनुकरणात्मक शब्द र टुक्काको प्रयोगले पाठलाई सुरूचिपूर्ण बनाएको छ । यस पाठमा निम्न प्रकृतिका शब्दहरू शब्दभण्डार अन्तर्गत समाविष्ट गरिएको पाइन्छ ।

पर्यावाचीशब्द- बन-जङ्गल

विपरीतार्थीशब्द-

श्रुतिसमभिनार्थीशब्द -

अनेकार्थीशब्द-

अनुकरणात्मकशब्द - लुगलुग, सिमसिम

टुक्का- फिरफिरे घुम्नु, कबुल गर्नु, सहन नसक्नु

उखान-

**डुहुरे मुसा र सेतो विरालो**

यो कथा 'हाम्रो नेपाली किताब' कक्षा -६ मा समाविष्ट लोक कथा हो । यस कथामा अघिल्लो पाठको तुलनामा १२०% ले नयाँ शब्द थपिएका छन् । नयाँ शब्द हरेक पाठमा २०% ले थप्दै जानुपर्ने नियमलाई तोडिएको छ । पर्यायवाचीशब्द, श्रुतिसमभिन्नार्थकशब्द, अनुकरणात्मकशब्द र टुक्काको प्रयोगले कथा स्वादिष्ट बनेको छ । यस कथामा शब्दभण्डार अन्तर्गत निम्न प्रकृतिका शब्दको समायोजन भेटिन्छ ।

पर्यायावाचीशब्द - जुक्ति - बुद्धि , अर्ति-उपदेश, पाजी-तुच्छ ।

विपरीतार्थीशब्द - रक्षक -भक्षक

श्रुतिसमभिन्नार्थशब्द - शुर-सुर , फेरि-फेरी, तिर-तीर

अनेकार्थीशब्द -

अनुकरणात्मकशब्द - फुत्तफुत्त, टिनटिन, खिस्रिक्क ।

टुक्का - राल चुहाउनु, पुच्छर ठाडो पार्नु , नारा लगाउनु, कुलेलम ठोक्नु ।

उखान -

**जामुना गुभाजू**

यो कथा निजी विद्यालयको नेपाली भाषा पाठ्यपुस्तकका रूपमा कार्यन्वयनमा आएको 'सजिलो नेपाली माला' किताबभित्र समाविष्ट लोक कथा हो । यस पाठको शब्दार्थमा २६२% ले नयाँ शब्दको प्रविष्टि गराइएको छ । शब्दभण्डार अन्तर्गत निम्न प्रकृतिका शब्दको समावेश गरिएको पाइन्छ ।

पर्यायावाचीशब्द : शिष्य - चेला, चटक -तमाशा ।

विपरीतार्थीशब्द :

श्रुतिसमभिन्नार्थशब्द : देखि-देखी ।

अनेकार्थीशब्द :

अनुकरणात्मकशब्द : झ्याइकुटी, चटक्क ।

टुक्का : अचम्म लाग्नु, तमासा देखाउनु, झ्याइकुटी पार्नु ।

उखान :

**युधिष्ठिरको परीक्षा**

'हाम्रो नेपाली किताब' भित्र समाविष्ट 'युधिष्ठिरको परीक्षा' पौराणिक कथामा ७७% नयाँ शब्दहरू शब्दार्थ खण्डमा थपिएको पाइन्छ । तुलनीय कथा 'हाकिमको दारी' का तुलनामा यस कथामा नयाँ शब्दको प्रयोग अचाहिदो देखिदैन । यस कथामा पर्यायवाचीशब्द, विपरीतार्थीशब्द, अनुकरणात्मकशब्द र टुक्काको प्रयोग भेटिन्छ ।

पर्यायवाची : सत्य-आदर्श, शक्ति-साहस, ज्ञान-बुद्धि

विपरीतार्थी : आपत-विपत, धर्म-पाप, ज्ञात-अज्ञात आदि ।

श्रुतिसम :

अनेकार्थी :

अनुकरणात्मक : बरर्र

टुक्का : धर्मको रक्षा गर्नु, अलाप-विलाप गर्नु, झलझली नाच्नु,

उखान :

**हाकिमको दारी**

'सजिलो नेपाली माला' कक्षा-६ मा समाविष्ट 'हाकिमको दारी' कथामा ३२८% नयाँ शब्द शब्दार्थमा राखिएको छ । पाठ्यक्रमको नियमको ठाडै उल्लङ्घन भएको यस कथामा शब्द भण्डार अन्तर्गत निम्न प्रकृतिका शब्दहरू समाविष्ट भएको पाइन्छ ।

पर्यायवाची : हाकिम-मालिक, आचारण-स्वभाव, मामुली-सामान्य ।

विपरीतार्थी : राजा-प्रजा, स्वर्ग-नरक, गाउँ-शहर ।

श्रुतिसम : -

अनेकार्थी : कर

अनुकरणात्मक : झन, खुरुखुरु

टुक्का : उजुरी गर्नु, मुख देखाउनु, शरणमा पर्नु, सास्ती दिनु, मुख पुछ्नु आदि ।

उखान :–

**सारौं र कमिलो**

'हाम्रो नेपाली किताब' कक्षा-६ मा कथाहरू मध्ये सबै भन्दा लामो कथा हो । यस कथामा अघिल्लो पाठको दाँजोमा १४२% थप नयाँ शब्दार्थको प्रयोग भेटिन्छ । शब्दभण्डारमा प्रायः सबै प्रकृतिका शब्द भएको यस कथामा निम्न प्रकारका शब्दहरूको प्रयोग भेटिन्छ ।

पर्यायवाची : आहार-चारो, ईश्वर-भगवान ।

विपरीतार्थक : रक्षक-भक्षक, आपत-विपत ।

श्रुतिसम :

अनेकार्थी :

अनुकरणात्मक- भुर्र, सिनित्तै, सरासर,

टुक्का : पखेटा लाग्नु, रात काट्नु, पेट भर्नु, दृष्टि दिनु, बेलिविस्तार लगाउनु ।

उखान : खाई न पाई छालाको टोपी लाई, नपत्याउदा खोलाले बगाँउछ ।

**अचम्मको जाँतो र भाले**

मझौलो आकारको यो कथा 'सजिलो नेपाली माला' पुस्तकभित्र समाविष्ट लोककथा हो । ७०% नयाँ शब्द अघिल्लो पाठका तुलनामा थपिएका छन् । जुन अन्य पाठका दाँजोमा स्वाभाविक नै देखिन्छ । यस पाठमा पर्यायवाची शब्द, विपरीतार्थी शब्द र टुक्काको प्रयोग अधिक भेटिन्छ ।

पर्यायवाची :सुनसान-एकान्त, बाचा-कबुल, समस्या-कठिनाई, आदेश-आज्ञा, आराम-सुख

विपरीतार्थी : भोकाउनु-अघाउनु, सुख-दुख, रुनु-हाँस्नु

श्रुतिसम :

अनेकार्थी :

अनुकरणात्मक :

टुक्का : आँखा छल्नु, आज्ञा पालन गर्नु, खित्का छोड्नु, रिसले आगो हुनु ।

उखान :

**होसियारी र बुद्धिमानी (पौरणिक कथा)**

'होसियारी र बुद्धिमानी' कथा पौराणिक कथा हो । यो 'सजिलो नेपाली माला' पाठ्यपुस्तकभित्र समाविष्ट कथा हो । यस कथामा २१४% नवीन शब्दको शब्दार्थमा प्रवेश गराइएको छ । यस पाठमा निम्न प्रकृतिका शब्दहरू शब्दभण्डार अन्तर्गत राखिएको छ ।

पर्यायवाचीशब्द : जुक्ति-बुद्धि, शिव-महादेव,

विपरीतार्थी : ठुलो-सानो, असल-खराब, ज्ञान-अज्ञानी, छिटो -ढिलो

श्रुतिसम :

अनेकार्थी :

अनुकरणात्मक :

टुक्का : परिक्रमा गर्नु, डुबुल्की मार्नु, मन खिन्न पार्नु ।

उखान :

### ४.१.२ वाक्य गठन

**'युक्तिसामु शक्ति टिक्दैन' कथा**

यो कथा ८२ वाक्यको संयोजनबाट बनेको छ जसमा सरल वाक्य ७०, मिश्रवाक्य २ र संयुक्तवाक्य १० रहेको पाइन्छ । सङ्ख्यात्मक हिसाबले हेर्दा सरल वाक्य बढी, थोरै मिश्र र संयुक्तवाक्यहरू पनि भेटिन्छन् । यसरी वाक्य गठनलाई नियाल्दा सरल वाक्यको समाविष्टताले कथालाई सहज बनाएको छ ।

**'मूर्ख कछुवा' कथा**

यस कथामा जम्मा ७९ वाक्यको संयोजन रहेको छ जसमा सरलवाक्य ६६, मिश्रवाक्य ५ र संयुक्तवाक्य ८ रहेको पाइन्छ । अधिकांश वाक्यहरू सरल छन् । 'युक्तिसामु शक्ति टिक्दैन' कथाका तुलनामा यो कथा पढ्नमा सरल, भाषाशैलीमा सहज र पाठगत लमाइमा पनि छोटो छ । कुनै वाक्यचाहिं केही लामा पनि देखिन्छन् । समग्रमा वाक्यगठनका आधारमा यस कथाको अध्ययन गर्दा सरल, मिश्र र संयुक्त वाक्य समाविष्ट गरी कथा तयार भए तापनि तुलनीय कथा भन्दा भाषागत सरलता यस कथाको फरकपन मानिन्छ ।

**ठूले र साने**

यो कथा ८१ वाक्यको संयोजबाट रचना भएको छ जसमा ६६ सरलवाक्य, ३ मिश्रवाक्य र १२ संयुक्तवाक्य रहेका छन् । संयुक्त वाक्य यसता प्रकृतिका पनि छन्- उसलाई रिस उठ्यो र भाइलाई गाली गर्न थाल्यो । यसरी समग्रमा भन्नु पर्दा वाक्य गठ्नमा सरल वाक्यको आधिक्यता हुदाँहुदै पनि अन्य कोटिका वाक्य पनि प्रसस्त पाइन्छ्न ।

**स्याउको रुख**

यो कथा ९५ वाक्यको विन्यासबाट संरचित छ जसमा सरल वाक्य ६९ मिश्र वाक्य १२ र संयुक्त वाक्य १४ रहेको पाइन्छ । कथा सरल वाक्यको आधिक्यताले संरचित छ । कवितात्मक शैलीमा लेखिएको यस कथामा थोरै मात्रामा मात्र संयुक्त वाक्य भेटिन्छ । मिश्र वाक्यको कम

प्रयोग गरिएको छ । सरल वाक्यमा पनि लामा वाक्य प्रसस्त भेटिन्छ्न । रसिला वाक्य, करुणामिश्रित अभिब्यक्ति यस कथामा राखिएको पाइन्छ ।

**डुहुरे मुसा र सेतो बिरालो**

यो कथा ८१ वाक्यको विन्यासबाट रचना भएको छ जसमा ६४ सरल, ४ मिश्र र १३ संयुक्त वाक्य भेटिन्छन् । सख्यात्मक हिसावले सरल वाक्यको प्रचुरता भेटिन्छ । कथामा भएका वाक्यहरू कक्षा ६ का विद्यार्थीहरूका स्तर अनुसार नै प्रयोग गरिएको देखिन्छ ।

**जामुना गुभाजू**

यो कथा छोटो छ जसमा जम्मा ५१ वाक्य मात्र संयोजन गरिएको छ । ३९ सरलवाक्य, ७ मिश्र र ५ संयुक्त वाक्य रहेका छन् । जामुना गुभाजू कथाका अधिकांश वाक्यहरू सरल वाक्यमा लेखिएका छन् । यस कथामा मिश्र र संयुक्त वाक्यहरू पनि प्रयोग गरिएको भेटिन्छ । तुलनीय कथाका दाजोमा यस कथाका वाक्यहरू छोटा र छरिता छन् ।

**युधिष्ठिरको परीक्षा**

यो कथा ९४ वाक्यको मेलबाट बनेको छ जसमा ८३ सरल, ३ मिश्र र ८ संयुक्त वाक्य रहेका छन् । सबै कोटिका वाक्यको आकार भने छोटो छरितानै रहेका छ्न । कक्षा-६को स्तरलाई यस कथामा वाक्य गठनले समेट्न सफल भएकै मान्न सकिन्छ ।

**हाकिमको दारी**

‘हाकिमको दारी’ कथा ६० वाक्यको संयोजनबाट बनेको छ जसमा ५२ सरल, ४ मिश्र र ४ संयुक्त वाक्य भेटिन्छन् । कथामा वाक्यको आकार छोटा, छरिता र साना बान्कीका राखिएका छ्न । कक्षा-६ का बालवाललिकाको स्तरलाई ध्यानमा राखेर नै कथाकारले वाक्य गठनलाई जोड दिएको पाइन्छ ।

### सारौं र कमिलो

यो कथा १२० वाक्यको संयोजनबाट बनेको छ जसमा १११ सरल, १ मिश्र र ८ संयुक्त वाक्य रहेका छन् । यस कथाको आकार लामो छ । पाँच पृष्ठमा संरचित यस कथामा सरल मिश्र र संयुक्तवाक्यको विन्यास पाइन्छ । संख्यात्मक हिसाबले सरल वाक्यको प्रचुरता भेटिन्छ । छोटो वाक्यको प्रयोगले कथालाई छरितो बनाएको छ ।

### अचम्मको जाँतो र भाले

यो कथा ८२ वाक्यको संयोजनबाट बनेको छ जसमा ६९ सरल, ५ मिश्र र ८ संयुक्त वाक्य रहेका छन् । तुलनीय कथा 'सारौं र कमिलो' को तुलनामा यो कथा आकारमा सानो भए तापनि वाक्यगठनका हिसाबले यो कथा जटिल प्रकृतिको छ । सरल, मिश्र र संयुक्त वाक्यको प्रयोग गरिएको यस कथामा सरल वाक्यको बाहुल्यता पाइन्छ । संयुक्त, जटिल र मिश्र वाक्य पनि आकारगत हिसाबले छोटा र छरिता नै देखिन्छन् ।

### होसियारी र बुद्धिमानी

'होसियारी र बुद्धिमानी' पौराणिक कथा हो । यस कथामा १०३ वाक्यको संयोजन भेटिन्छ जसमा ७२ सरल, १६ मिश्र, १३ संयुक्त र २ जटिल वाक्यको प्रयोग भेटिन्छ । पौराणिक कथा भएको हुनाले कठिन शब्दको बाहुल्यता प्रचुर मात्रामा रहेकोछ । आकारगत हिसाबले यो कथा पाँच पृष्ठसम्म फैलिएको छ ।

## ४.१.३ बोधगम्यता

### युक्तिसामु शक्ति टिक्दैन

'युक्तिसामु शक्ति टिक्दैन' कथाले बलले गर्न नसक्ने काम जुक्ति वा बुद्धिले गर्नुपर्ने सन्देश दिएको.छ । यो कथा कक्षा ६ का बालबालिकाको सुनाइ, पढाइ, बोलाइ र लेखाइ सीप विकास गराउन सफल छ । तुलनीय कथाका दाँजोमा यस कथाको भाषा जटिल भएकाले बोध गम्यतामा पनि अंशगत रूपमा केही कठिन झैं लाग्दछ ।

**‘मूर्ख कछुवा’ कथा**

मुर्खताले आफ्नो हानी हुने र मुर्खता त्याग्नसक्नु पर्ने सन्देश यस कथाको सार हो । भाषिक सीप आर्जन र कथालाई सहजतापूर्वक पढ्न तुलनीय कथाका दाँजोमा यो कथा सरल छ । कथामा भाषा सरल भएकोले विद्यार्थीहरूले कथा मिठासपूर्ण ढङ्गले पढ्न रूचि देखाउन सक्ने देखिन्छ ।

**ठूले र साने**

अनुकरणात्मक शब्दको बाहुल्यता र उखानको प्रयोग यस कथामा प्रशस्त भेटिन्छन् । कक्षा-६ का बालबालिकाहरुको स्तर अनुसार नै कथाको छनौट गरिएको छ । गाँउले परिवेशले कथालाई अझ रोचक बनाएको छ । कथा बुझ्नलाई सजिलो, पढ्नलाई स्वादिलो र कौतूहलमय भएकोले बोधगम्यताको आधारमा यो कथा उत्कृष्ट छ ।

**स्याउको रूख**

सरल वाक्यको प्राचुर्यताले गर्दा यो कथा कक्षा-६ का बालबालिकाको लागि स्तरीय बनेको छ । भाषा सरल प्रयोग गरिएको पाइन्छ । हिमाल, पहाड र गाँउले परिवेशले यो कथा मिठासपूर्ण बनेको छ । कथा पढ्न सरल, बुझ्न सहज र मर्मस्पर्शी तथा करुणाजन्य भएकोले बोधगम्यताका आधारमा यो कथा उत्कृष्ट बनेको छ ।

**डुहुरे मुसा र सेतो बिरालो**

बल भन्दा बुद्धि ठुलो भन्ने सन्देश यस कथाको उद्देश्य रहेको छ । भाषिक सीपका चारवटै पक्षको विकासमा यो कथा सफल छ । तुलनीय जामुन गुभाजू कथाका दाँजोमा यो कथा सरल, सहज र बोधगम्यतामा बढी सफल मानिन्छ ।

## जामुना गुभाजू

जामुना गुभाजू कथामा तान्त्रिक रहस्य र चटकसँग सम्बन्धित शब्दहरूको प्रचुर प्रयोग गरिएको छ जसका कारणले कथा केही जटिल बनेको छ ।  अपत्यारिला कुराहरूको संयोजनले कथालाई कौतूहलमय बनाउन सकेको छैन । तसर्थ तुलनीय कथा डुहुरे मुसा र सेतो बिरालो कथाका दाँजोमा यो कथा बोधगम्यताका दृष्टिले केही दुर्वल देखिन्छ ।

## युधिष्ठिरको परीक्षा

'युधिष्ठिरको परीक्षा' कथाले सत्यको सँधै जित हुने सन्देश दिएको छ । यो कथा कक्षा-६ का बालबालिकाको स्तर अनुरुप सुनाइ, पढाइ बोलाइ र लेखाइ सीपको विकास गराउन सफल देखिन्छ । कथा कौतूहलपूर्ण भएकाले अब के हुने भन्ने रहस्यले बालबालिकाको चित्ताकर्षण गर्न सफल छ ।

## हाकिमको दारी

'हाकिमको दारी' कथाले समाजमा अन्याय-अत्यचार गर्ने मानिसलाई जनमानसले सजाय आफै दिन्छन भन्ने सन्देश दिएको छ । कक्षा-६ का बालबालिकाको स्तर अनुसार कथा संरचित भएकोले बोधगम्यताका आधारमा कथा सार्थक, औचित्यपूर्ण र प्रभावकारी छ भन्न सकिन्छ ।

## सारौं र कमिलो

आपत-विपतमा परेकालाई सहयोग गर्नु, अन्यायमा परेकालाई न्याय दिलाउन पहल गर्नु, सबैले आफ्नो दायित्व पूरा गर्नु यस कथाको उद्देश्य हो । यो कथा बालबालिकाको भाषिक सीप विकास गराउन सफल छ । बुझ्न सजिलो, मीठा वाक्य, स्वादिला उक्ति र टुक्काको प्रयोगले कथाको बोधगम्यतालाई सबल बनाएको छ ।

**अचम्मको जाँतो र भाले**

काल्पनिक सन्दर्भ यस कथामा प्रयोग गरिएको छ । विद्यार्थीहरुमा कल्पना गर्ने सीपको विकास गराउन यस कथाले सहयोग पुऱ्याएको छ । कथाको कथावस्तु कौतूहलपूर्ण भएकाले विद्यार्थीहरुमा जिज्ञासुभाव उत्पन्न गराउन सफल छ । तसर्थ बोधगम्यताका कोणबाट कथा सबल र उत्कृष्ट बन्न सफल छ ।

**होसियारी र बुद्धिमानी**

यो कथा आकारमा लामो भए तापनि कौतूहलमय भएकाले कथा वाचनमा झन्झटिलो छैन । अब के हुने भन्ने भावनाले विद्यार्थीहरु द्रुततर रुपमा पढाइप्रति उत्प्रेरित हुन्छन् । तसर्थ बोधगम्यताका कोणबाट होसियारी र बुद्धिमानी' कथा सबल देखिन्छ ।

यसरी सरकारी विद्यालयको पाठ्यपुस्तक 'हाम्रो नेपाली किताब' र निजी विद्यालयको नेपाली पाठ्यपुस्तक सजिलो नेपाली मालाको बोधगम्यता र सान्दर्भिकताका बारेमा विद्यार्थीहरूको बोधक्षमताको अध्ययन गर्न मोरङ जिल्लाको माध्यमिक विद्यालय मृगौलिया र ब्राइट फ्युचर सेकेन्डरी स्कुलका विद्यार्थीहरूलाई लिइएको परीक्षाको नतिजा सम्वन्धी विवरण :

| क्रमाङ्क | नाम | विद्यालयको नाम | पूर्णाङ्क-२० | प्राप्ताङ्क | |
|---|---|---|---|---|---|
| | | | | हाम्रो नेपाली | सजिलो नेपाली |
| १ | सिर्जना शिवा | मा.वि. मृगौलिया | २० | १४ | - |
| ६ | रणद्धिप खड्का | मा.वि. मृगौलिया | २० | १०.५ | - |
| १५ | लिला खड्का | मा.वि. मृगौलिया | २० | १३ | - |
| ४२ | सम्झना अधिकारी | मा.वि. मृगौलिया | २० | ११ | - |
| ७० | रिया राई | मा.वि. मृगौलिया | २० | ११ | - |
| १ | अविनय गौतम | ब्राइटफ्युचर सेकेन्डरी | २० | - | १३.५ |
| २३ | रचना गौतम | ब्राइटफ्युचर सेकेन्डरी | २० | - | १२ |
| ३० | जीवन फुयल | ब्राइटफ्युचर सेकेन्डरी | २० | - | ६ |

तालिका नं. - २ (स्रोत : स्थलगत सर्वेक्षण - २०६७)

माथिको तालिकामा मा.वि. मृगौलियाका कक्षा ६ का विद्यार्थीहरूमा हाम्रो नेपाली किताब भित्रका प्रतिनिधि कथाबाट जम्मा छवटा प्रश्नहरू नमुना छनौटका आधारमा रोल नं १, ६, १५, ४२ र ७० लाई सोधिएका नमुना प्रश्नहरूबाट पूर्णाङ्क बीसमा सरदर औसत प्राप्ताङ्क ११.९ अङ्क प्राप्त गरे । त्यसैगरी ब्राइटरफ्युचर सेकेन्डरी विद्यालयका तीस जना विद्यार्थीहरूबाट रोल नं १, २३ र ३० लाई प्रतिनिधी नमुना छनौट गरी उनीहरूको नेपाली पाठ्यपुस्तक सजिलो नेपाली माला किताब भित्रका प्रतिनिधी कथाबाट सरकारी विद्यालयका विद्यार्थीहरूलाई सोधिएका प्रश्नहरूका समान दाँजोमा हुने खालका प्रश्नहरूबाट परीक्षा लिइएको थियो । उनीहरूले प्राप्ताङ्क २० पूर्णाङ्कमा सरदर १०.५ औसत अङ्क प्राप्त गरे ।

यसरी सरकारी विद्यालयमा जम्मा ८५ विद्यार्थीहरू रहेको कक्षाकोठाबाट पाँच जना विद्यार्थीलाई नमुना छनौट गरी परीक्षा लिदा र निजी विद्यालयको उही समान कक्षाका ३० जना विद्यार्थीबाट ३ जना विद्यार्थीलाई नमुना छनौट गरी लिइएको परीक्षामा नतिजा असमान देखिएको छ । भौतिक सेवा सुविधा र दक्ष शिक्षण हुँदाहुदै पनि निजी विद्यालयको नतिजा सरकारी विद्यालयको दाँजोमा न्यून देखिनु पाठ्यपुस्तकको बोधगम्यता सान्दर्भिकता र सुसिक्यताको आधारबाट उत्कृष्ट देखिदैन ।

### ४.१.४ सुसिक्यताको आधार

**'युक्तिसामु शक्ति टिक्दैन' कथा**

बलबालिकालाई भाषा सिकाइमा सहज हुनु, सिकाइका लागि कथा कौतूहलपूर्ण र प्रभावकारी हुनुपर्दछ । यस सन्दर्भमा युक्तिसामु शक्ति टिक्दैन कथा उपयोगी छ सान्दर्भिक छ र अर्थपूर्ण छ । बालबालिकालाई कथा पढ्दा बोझ होइन रूचिपूर्ण र मिठासपूण छ । पढाइमा सरल, बुझाइमा सहज, सुनाइमा मिठासपूर्ण र लेखाइमा जाँगरचल्नु भाषामा सुसिक्यताका विशेषता मान्न सकिन्छ । कथाले कथनात्मक सीप मात्र होइन श्रुतिसीपको विकास पनि गराउँछ ।

**मूर्ख कछुवा' कथा**

यो कथा सुसिक्यताका आधारमा सरल, सहज र अर्थपूर्ण ढङ्गले विद्यार्थीहरूले ग्रहण गर्दछन् । यसमा कथा सरल भएको हुनाले कथाश्रवणमा विद्यार्थीहरूको ध्यानकेन्द्रित हुन्छ । भाषिक सीपका चार सीपहरूमध्ये कथाले चारै सीप विकासमा जोड दिएको हुन्छ । श्रवण सीपको विकास सुनाइले, पठन सीपको विकास पढाइले, लेखन सीपको विकास लेखाइबाट हुने भएकोले 'मूर्ख कछुवा' कथा यी सबै सन्दर्भमा उपयुक्त छ ।

**डुहुरे मुसा र सेतो बिरालो**

यो कथामा सरल भाषा, छोटा वाक्य र सहज प्रस्तुतिले कथा सिकारूलाई राम्ररी प्रभाव पार्न सफल देखिन्छ । यो कथा कक्षा ६ का बालबालिकाको स्तर अनुसार लेखिएको हुनाले रूचिपूर्ण, कौतुहलमय र प्रभावकारी छ ।

**जामुना गुभाजू**

जामुना गुभाजू कथामा छोटा वाक्य भए तापनि जटिल शब्द प्रयागले कथा सलल बग्न सकेको छैन । तान्त्रिक, रहस्य, जादु, टुना, चटकसँग सम्वन्धित शब्दहरूको प्रयोगले तुलनीय कथाका दाँजोमा यो कथा कमसल देखिन्छ ।

**युधिष्ठिरको परीक्षा**

यो कथा सरल, सरस, सहज र मिठासयुक्त भएकाले बालबालिकाले भाषा सिकाइमा चाडै प्रगति गर्दछन् । कथामा प्रयोग भएका शब्द सरल वाक्य छोटा र स्वादिला भएकाले कथा प्रभावकारी बन्न सफल बनेको छ ।

**हाकिमको दारी**

'हाकिमको दारी' कथा आकारमा छोटो, विषय बस्तुमा गहन, वाक्य गठनमा सरल वाक्यको प्राचुर्यताले गर्दा बालबालिकालाई कथा पढ्न र भाषा सिक्न सजिलो बनेको छ । तुलनीय कथाका दाँजोमा सुसिक्यताका आधारमा यो कथा सशक्त, सबल र प्रभावकारी छ ।

### ठूले र साने कथा

भाषा सिकाइका लागि पाठ्यसामाग्री सरल, सहज र प्रभावकारी हुनुपर्दछ । ठूले र साने शीर्षकको कथाले बालबालिकालाई भाषा सिकाइमा कौतूहलमय रुपमा प्रभाव पार्दछ । कथा पढ्दा बोझ होइन रुचिपूर्ण र मिठासपूर्ण छ । सुसिक्यताका आधारमा यो कथा उपयोगी सान्दर्भिक र अर्थपूर्ण छ ।

### स्याउको रूख कथा

भाषा पाठ्यपुस्तक भाषा पाठ्यक्रमको उद्देश्य अनुरुप तयार गरिएको हुन्छ । 'सुसिक्यताका आधारमा यो 'स्याउको रुख' कथा सरल, सहज, सरस, मिठासपूर्ण करुणामय र प्रभावकारी छ । भाषिक सीपका चार सीप मध्ये कथाले चारवटै सीप विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सफल भएको हुनाले सुसिक्यताको आधारमा यो कथा उत्कृष्ट छ ।

### सारौं र कमिलो

'सारौं र कमिलो' कथा बालबालिकाको स्तर र क्षमता अनुरुप भएकाले सहज, सरस र प्रभावपूर्ण छ । यस कथाबाट भाषिक सीपका सुनाइ बोलाइ पढाइ र लेखाइ सीपको विकास गराउन पढाउने शिक्षक-शिक्षिकालाई सहज तरिकाले सहयोग मिल्दछ । तसर्थ सुसिक्यताका आधारमा कथा सबल र प्रभावकारी छ ।

### अचम्मको जाँतो र भाले

काल्पनिक क्षमताको विकास यस कथाबाट अपेक्षा गर्न सकिन्छ । कथामा वर्णित मनचिन्ते जाँतो र भालेको प्रयोगले कथा कौतूहलपूर्ण बनेको छ । कथा शिक्षणको उद्देश्य कथानत्मक क्षमताको विकासको साथ साथै भाषिक सीपका अतिरिक्त कथानात्मक विषयबस्तुको पनि बोध गराउन सकिन्छ ।

**होसियारी र बुद्धिमानी**

प्रतिस्पर्धात्मक कथावबस्तु पौराणिक कहानी, रसिला वाक्य, स्वादिलो उक्तिको संयोजनबाट होसियारी र बुद्धिमानी कथा बनेको छ । शब्दभण्डारमा केही जटिल शब्दको प्रयोग भेटिए पनि छोटा, छरिता र स्वादिला वाक्यले कथा पढ्न पढाउन र बुझ्न बुझाउन कठिन छैन । कक्षा-६ को स्तर अनुसार भाषाका चार सीप सिकाउन कथा सफल देखिन्छ ।

यसरी सुसिक्यताका आधारमा एघारवटा कथाको विश्लेषण पछि सरकारी विद्यालयमा नेपाली पढाउने श्री उच्च मा.वि. मृगौलियाका शिक्षक र ब्राइटफ्युचर सेकेण्डरी स्कूलका नेपाली विषय शिक्षकसँग भएको कुराकानी सम्वन्धी विवरणः

प्रतिक्रिया लिएका शिक्षक विवरणः

तालिका नं. ३

| क्र.स. | शिक्षक | विद्यालय | योग्यता | अनुभव |
|---|---|---|---|---|
| १ | तीर्थराज भण्डारी | श्री उच्च मा.वि. मृगौलिया-२ | शास्त्री | २८ वर्ष |
| २ | लक्ष्मीप्रसाद कोइराला | श्री ब्राइटफ्युचर सेकेन्डरी स्कूल मृगौलिया-९ | वी.ए. | १८ वर्ष |

(स्थलगत सर्वेक्षण २०६७)

माथि उल्लिखित नमुना छनौट गरी नमुना परीक्षा लिइएका विद्यालयका नेपाली विषय अध्यापन गर्ने शिक्षकहरूसँग भेटघाट गरिएको थियो । २८ वर्षको लामो शैक्षिक अनुभव सगाल्नु भएका उच्च मा.वि. मृगौलिय मोरङका शिक्षक तीर्थराज भण्डारीका अनुसार नेपाली विषय अरू अङ्ग्रेजी विषय बाहेक पठन-पाठन र लेखनको माध्यम बनाइने विषय हो । नेपाली विषयमा विद्यार्थीमा कमजोरी भए अरू सबै विषयमा कमजोरी हुने उहाको भनाइ छ । दोस्रोभाषा नेपाली हुने विद्यार्थीहरूका लागि नेपाली विषय केही जटिल भए तापनि समग्रमा बुझाउनका लागि त्यति कठिन नहुने वँहाको ठहर छ । त्यसैगरी ब्राइटफ्युचर सेकेण्डरी स्कूलका शिक्षक लक्ष्मीप्रसाद कोइरालासँग पनि नेपाली विषय शिक्षण, यसका कठिनाइ र समाधानसँग सम्वन्धित पक्षका बारेमा छलफल भएको थियो । यस प्रसङ्गमा वँहाले ‘सजिलो नेपाली माला’

किताबका बारेमा बताउदा बोर्डिङ स्कूलमा स्वभावैले नेपाली भाषामा पढाइने विषय कम भएकाले नेपालीमा विद्यार्थीहरूको लगनशीलता पनि कम हुने बताउनु हुन्छ । नेपाली पाठ्यपुस्तकभित्रको कथाका पाठ चाहिं विद्यार्थीहरूका लागि सहज हुने बताउनु हुन्छ । कथाका पाठ चाहिं सुसिक्यताका लागि खासै गाऱ्हो नहुने वहाँको ठहर छ ।

### ४.१.५ पाठ्यक्रम अनुरूपताको आधार

**'युक्तिसामु शक्ति टिक्दैन कथा'**

भाषा पाठ्यक्रमले कथा विधा राख्नुको उद्देश्य विद्यार्थीहरूमा कथनात्मक अभिव्यक्ति सीपको विकास गर्नु पनि हो । यो कथा पढिसकेपछि विद्यार्थीमा कथनात्मक अभिव्यक्ति सीप विकासमा महत्वपूर्ण प्रभाव पार्न सक्छ । भाषिक सीप आर्जनका दृष्टिले पनि पाठ्यक्रमको उद्देश्य अनुरूप नै कथाको छनौट र स्तरण गरिएको छ ।

**'मूर्ख कछुवा कथा'**

भाषा पाठ्पुस्तक भाषा पाठ्यक्रमको उद्देश्य पूरा गर्न सफल हुनुपर्दछ । भाषा पाठ्यपुस्तकको कक्षा-६ मा लोककथालाई विशेष महत्व दिए अनुरूपनै यो कथाको छनौट गरी स्तरण गरिएको मानिन्छ । भाषिक सीप विकासका सन्दर्भमा यो कथा उपयुक्त छ । कथाको भाषा सरल भएकोले पाठ्यक्रमले राखेका उद्देश्यहरू प्राप्त गर्न यो कथा सफल भएको मान्न सकिन्छ ।

**ठूले र साने कथा**

भाषा पाठ्यक्रमले कथा विधालाई विशेष जोड दिएर स्तरण गरेको छ । कथाले विद्यार्थीहरुमा कथनात्मक सीपको विकास गराउने भएकाले कथा छोटो छरितो र मिठासपूर्ण हुनुपर्दछ । यस आधारमा कथाको संरचना पक्ष हेर्दा लामो आकारमा लेखिएको देखिन्छ । यसरी समग्रमा भन्दा भाषिक सीप आर्जनका दृष्टिले यो कथा पाठ्यक्रको उद्देश्य अनुरुपनै छनोट र स्तरण गरिएको छ ।

**स्याउको रूख कथा**

यो कथा छोटो छ। विद्यार्थीहरुको जिज्ञासालाई यस कथाले उत्सुकतापूर्वक उत्प्रेरित गर्न सहयोग पुऱ्याएको देखिन्छ । भाषा पाठ्यक्रमले भाषा पाठ्यपुस्तकमा छनोट गरिने कथाको वर्गगत छनोटलाई पनि आधार बनाएको पाइन्छ। कक्षा ६ का विद्यार्थीको स्तर, वातावरणसँग सम्बन्धित विषयवस्तु जिज्ञासा र उत्प्रेरक प्रसंगले कथा प्रभावकारी बनेको छ।

यसरी भाषा पाढ्यक्रमले अपेक्षा गरेका उद्देश्यहरु प्राप्त गर्न माथि तुलनात्मक रुपमा अध्ययन गरेका कथाहरु 'ठूले र साने' सरकारी स्तरमा सञ्चालित कक्षा-६ मा समाविष्ट कथा र 'स्याउको रुख' निजी स्तरमा लगाइएको 'सजिलो नेपाली माला' भित्रको कथा सफल मान्न सकिन्छ। बोधगम्यता र सुसिक्यताका आधारमा निजी विद्यालयमा पठनपाठन गरिने 'स्याउको रुख' कथा उपयुक्त छ भने शब्दभण्डार, वाक्यगठन र पाठयक्रम अनुरुपताका आधारमा सरकारी विद्यालयका 'ठूले र साने' कथा सबल देखिन्छ।

**डुहुरे मुसा र सेतो विरालो**

भाषा पाठ्यक्रमले कथा विधालाई कविता विधा भन्दा पछि प्रमुखता दिई स्तरण गरेको छ । कथा कक्षाको स्तर  हेरी लमाइको आकार प्रकार निर्धारण गरिएको हुन्छ । लमाइका आधारमा यो कथा मझौलो आकारको छ। भाषिक सीपकोआर्जनमा यो कथा सफल मानिन्छ।

**जामुन गुभाजू**

पाठ्यक्रमका उद्देश्य प्राप्तीमा जामुना गुभाजू कथा उत्कृष्ट देखिदैन । कथा लमाइका आधारमा मझौलो आकारमा संरचित छ । भाषिक सीप विकासका दृष्टिले तुलनीय कथाका दाँजोमा यो कथा केही फितलो लाग्दछ।

यसरी भाषा पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यहरू प्राप्त गर्न शब्दभण्डार, वाक्य गठन, बोधगम्यता, सुसिक्यता र पाठ्यक्रम अनुरूपताका आधारमा सरकारी विद्यालयको कक्षा ६ को नेपाली किताबभित्रको डुहुरे मुसा र सेतो विरालो लोक कथा र निजी विद्यालयमा पढाउदै आएको सजिलोनेपाली माला पाठ्यपुस्तक भित्रको जामुना गुभाजू शीर्षकको कथाका वीच

तुलनात्मक  अध्ययन गरिएको छ । शब्दभण्डर, बोधगम्यता र सुसिक्यताका आधारमा डुहुरे मुसा र सेतो विरालो कथा वढी सफल देखिन्छ भने जामुन गुभाजू कथा केही फितलो लाग्दछ ।

### युधिष्ठिरको परीक्षा

भाषा पाठ्यक्रमले कथा विधालाई प्राथमिकता दिनुको उद्देश्य भाषिक सीप विकासका लागि महत्त्व दिनु रहेको तुलनीय कथाका दाँजोमा यो कथा आकारमा लामो देखिए तापनि पाठ्यक्रमले राखेको उद्देश्य प्राप्तिमा यो कथा सफल र प्रभावकारी रहेको छ ।

### हाकिमको दारी

आकारमा छोटो र भाषामा सरल यस कथाका विशेषता हुन । बालबालिकाको भाषिक सीप प्राप्तिमा यो कथा प्रभावकारी छ । भाषा पाठ्यपुस्तकको कक्षा-६ मा लोककथालाई विशेष महत्त्व दिए अनुरुप नै यो कथाको छनौट र स्तरण गरिएको छ ।

यसरी भाषा पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यहरु प्राप्त गर्न यी 'युधिष्ठिरको परीक्षा' र हाकिमको दारी शीर्षकका कथाहरु सफल देखिन्छ । बोधगम्यता सुसिक्यताका आधारमा 'हाकिमको दारी' शीर्षकको कथा सबल देखिन्छ भने शब्दभण्डार, वाक्य गठन र पाठ्यक्रम अनुरुपताका आधारमा युधिष्ठिरको परीक्षा कथा बढी सफल देखिन्छ ।

### सारौं र कमिलो

मझौलो आकार, छोटो वाक्य, रसिला उखान-टुक्का र पाठ्यपुस्तकको अन्त्यमा यो कथा राखेर भाषा पाठ्यक्रममा कथाको औचित्य देखाइएको छ । कक्षा-६ का विद्यार्थीको उमेर, स्तर, क्षमता र रुचिलाई ध्यानमा राखी यो कथाको छनौट र स्तरण गर्नु पाठ्यक्रमको उद्देश्यको बमोजिम छ ।

### अचम्मको जाँतो र भाले

भाषा पाठ्यपुस्तक भाषा पाठ्यक्रमको उद्देश्य विकासका सन्दर्भमा 'अचम्मको जाँतो र भाले' शीर्षकको लोककथा सान्दर्भिक र समयसापेक्ष छ । कथाको भाषा सरल, विषयवस्तु सहज

र मिठासपूर्ण ढङ्गले विन्यास गरिएकाले पाठ्यक्रम अनुरूपनै कथाको छनौट भएको मान्न सकिन्छ ।

यसरी भाषा पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यहरु प्राप्त गर्न यी ‘सारौ र कमिलो’ लोककथा र ‘अचम्मको जाँतो र भाले’ लोककथा सफल छुन । तुलनात्मक रुपमा अध्ययन गर्दा शब्दभण्डार, बोधगम्यता र पाठ्यक्रम अनुरुपताको कोणबाट सरकारी विद्यालयको पाठ्यपुस्तक ‘हाम्रो नेपाली किताब’ भित्र समविष्ट ‘सारौं र कमिलो कथा बढी सबल र प्रभावकारी मान्न सकिन्छ ।

**होसियारी र बुद्धिमानी कथा**

पाठ्यक्रमको मर्म अनुकुल नै यो कथाको छनौट र स्तरण गरिएको छ । नि.मा.वि तहको नेपाली भाषा पाठ्यक्रमले कक्षा-६ का लागि लोककथा पौराणिक कथा र नीतिका कथा गरी ५/६ वटा सम्म कथा राख्न सकिने प्रावधान अनुसार नै यो कथा ‘सजिलो नेपाली माला’ किताबमा छैठौ कथाका रूपमा समविष्ट गरिएको छ । विद्यार्थीहरुलाई कथा पढ्दा दिग्दारी नलगाइकन भाषिक सीप सिकाउन सकिने भएकोले यो कथा उत्कृष्ट मान्न सकिन्छ ।

यसरी नेपाली भाषा पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्य अनुसार ‘होसियारी र बुद्धिमानी’ कथाले शब्दभण्डार, वाक्यगठ्न बोधगम्यता, सुसिक्यता र पाठ्यक्रम अनुरुपताका आधारमा सबल र उत्कृष्ट कथाको रुपमा मापन गर्न सफल भएको मानिन्छ ।

# अध्याय : पाँच

# उपसंहार तथा निष्कर्ष

एउटै कक्षाको एउटै समयका दुई भाषापाठ्यपुस्तकभित्र समाविष्ट कथा विधाको शब्दभण्डार, वाक्यगठन, बोधगम्यता, सुसिक्यता र पाठ्यक्रम अनुरूपताका आधारमा गरिएको तुलनात्मक अध्ययन यस शोधपत्रको मुख्य विषय हो । तसर्थ यी दुई भाषा पाठ्यपुस्तकका विवेच्य पाठहरूको निष्कर्ष निम्नानुसार उल्लेख गरिएको छ ।

## ५.१ हाम्रो नेपाली किताब कक्षा-६ को कथा विधाको विश्लेषणको निष्कर्ष

१. नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र २०५९ द्वारा निर्धारित निम्न माध्यमिक तह कक्षा ६ को नेपाली भाषा पाठ्यपुस्तकभित्र समाविष्ट कथा विधाका पाठहरू पाठ्यक्रमले निर्धारण गरेको विधाको क्षेत्र र क्रम अनुसार छनौट र स्तरण गरिएको छ ।

२. पाठ्यपुस्तकको निर्माण पाठ्यक्रमको उद्देश्य पुरा गर्न तयार पारिएको हुन्छ । निम्न माध्यमिक तह, नेपाली भाषा पाठ्यक्रम २०५८ मा कक्षा ६ का लागि लोककथा, नीतिकथा, पौराणिक तथा ऐतिहासिक गरी पाँच देखि छ वटा सङ्ख्या सम्ममा कथा समावेश गर्नुपर्ने उल्लेख छ ।

३. ‘हाम्रो नेपाली किताब’ कक्षा ६ मा जम्मा २३ पाठहरू मध्ये दोस्रो पाठ युक्ति सामु शक्ति टिक्दैन (लोक कथा), सातौ पाठ ठूले र साने (सामाजिक कथा), दशौ पाठ डुहुरे मुसा र सेतो बिराले (लोककथा), तेह्रौ पाठ युधिष्ठिरको परीक्षा (पौराणिककथा ) र तेइसौ पाठ सारौ र कमिलो (लोककथा) स्तरण गरिएको छ । स्तरणका आधारमा पाठको समुचित विन्यास उपयुक्त ढङ्गले हुनभने सकेको छैन ।

४. पाठ्यपुस्तकभित्र समावेश कथाहरू कक्षाको स्तर, बालबालिकाको उमेर, रूचि, क्षमता र पाठ्यक्रमको उद्देश्य अनुरूप राखिएकाले पाठ्यसामाग्री स्तरीय छन् ।

५. वाक्यगठनका आधारमा ‘युक्ति सामु शक्ति टिक्दैन ’ कथा बयासी वाक्यमा, ठूले र साने एकासी वाक्यमा, डुहुरे मुसा र सेतो बिरालो एकासी वाक्यमा, युधिष्ठिरको परीक्षा चौरानब्बे

वाक्यमा र अन्तिम कथा सारौ र कमिलो एक सय बीस वाक्यमा रचना भएका छन् । कथाको  आकारमा अन्तिम सारौ र कमिलो कथा केही लामो देखिन्छ ।

६. शब्द भण्डार,वोधगम्यता , सुसिक्यता र पाठ्यक्रम अनुरूपताका आधारमा 'हाम्रो नेपाली किताव' भित्रका कथाहरू बालबालिकाको हित अनुकुल देखिन्छन् ।

७. भाषिक सीप आर्जनका आधारमा कक्षा ६ को कथा पाठबाट सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपलाई समान महत्त्व दिइएको छ । तर कक्षाको तह, विद्यार्थीको स्तर र पाठ्यक्रमको उद्देश्यलाई हेर्दा लेखाइ सीपमा बढी जोड दिनुपर्ने देखिन्छ ।

## ५.२ 'सजिलो नेपाली माला' कक्षा ६ भित्र समाविष्ट कथा विधाका पाठहरूको अध्ययनको निष्कर्ष

निजी तथा संस्थागत विद्यालयहरूले नेपाली भाषा पाठ्यपुस्तकका लागि उपयोगमा ल्याइएको प्रा.डा.हेमाङ्गराज अधिकारी, लालानाथ सुवेदी, बद्रीविशाल भट्टराई र हरिप्रसाद पराजुली लेखक तथा सम्पादक रहेको तथा विद्यार्थीपुस्तक भण्डार प्रकाशक तथा वितरक रहेको 'सजिलो नेपाली माला' किताबभित्रका कथा विधाका पाठहरूको शब्दभण्डार, वाक्यगठन, बोधगम्यता, सुसिक्यता र पाठ्यक्रम अनुरूपताका आधारमा निम्नानुसार निष्कर्ष निकालिएको छ :

१. पाठ्यपुस्तकको निर्माण पाठ्यक्रमको उद्देश्य पूरा गर्न तयार पारिएको हुन्छ । हरेक पाठ्यपुस्तकमा पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यहरू पूरा गर्न विषय वस्तुको छनौट र स्तरण गरिन्छ । सो उद्देश्य परिपूर्तिका लागि निजी विद्यालयहरूले कक्षा ६का लागि उपयोगमा ल्याएको 'सजिलो नेपाली माला' भित्रका कथाहरू मूर्ख कछुवा (लोककथा), स्याउको रूख (सामाजिककथा), जामुना गुभाजु(लोककथा), हाकिमको दारी (लोककथा) अचम्मको जाँतो र भाले (लोककथा) र होसियारी र बुद्धिमानी (पौराणिक कथा ) राखिएको छ ।

२. 'सजिलो नेपाली माला' किताबभित्र जम्मा छब्बीस वटा पाठहरू मध्ये मूर्ख कछुवा दोस्रो पाठ, स्याउको रूख सातौ पाठ, जामुना गुभाजु बाह्रौ पाठ, हाकिमको दारी सोह्रौ पाठ, अचम्मको जाँतो र भाले एक्काइसौ पाठ र होसियारी र बुद्धिमानी चौबीसौ पाठका रूपमा

स्तरण गरिएका छन् । यस पुस्तकमा पाठ्यक्रमको सन्तुलित ढङ्गले विन्यास गरेको देखिदैन ।

३. 'सजिलो नेपाली माला' भित्र समाविष्ट कथाका केही पाठहरू बालबालिकको स्तर अनुसार भन्दा कम प्रभावकारी लाग्दछन् ।

४. यस किताबमा समाविष्ट कथाका पाठहरू असमान  शब्दभण्डार, कठिन वाक्यगठन , कम बोधगम्यता, सुसिक्यता र पाठ्यक्रम अनुरूपताका आधारमा कम उत्कृष्ट देखिन्छन् ।

## ५.३ 'हाम्रो नेपाली किताब र सजिलो नेपाली माला' किताब भित्रका कथा पाठहरूको तुलनात्मक अध्ययनको निष्कर्ष:

१. पाठ्यक्रमले कक्षा ६ को नेपाली किताबमा एक्काइस देखि चौबीस पाठसम्म हुने सिफारिस गरेको छ । हाम्रो नेपाली किताबमा तेइस पाठ स्तरण गरेको पाइन्छ भने 'सजिलो नेपाली माला' भित्र छब्बीसवटा पाठ सङ्ख्या पुऱ्याइएको छ जुन पाठ्यक्रमको मर्म पछ्याइएको पाइदैन ।

२. यी दुई भाषा पाठ्यपुस्तकभित्र समाविष्ट कथाहरू शब्दभण्डार, वाक्यगठन, बोधगम्यता, सुसिक्यता र पाठ्यक्रम अनुरूपताका आधारमा तुलना गर्दा 'हाम्रो नेपाली किताब' भित्रका कथाहरू सरल, सहज र बढी प्रभावकारी देखिन्छन ।

३. 'सजिलो नेपाली माला' समाविष्ट कथाहरू जामुना गुभाजु एकाउन्न वाक्यको विन्यासबाट रचित छ भने होसियारी र बुद्धिमानी एकसय तीन वाक्यहरूमा लेखिएको सबै भन्दा लामो कथा देखिन्छ । त्यसैगरी 'हाम्रो नेपाली किताब' भित्र समाविष्ट ठूले र साने कथा एकासी वाक्यमा लेखिएको र सारौ र कमिलो शीर्षकको कथा एकसय बीस वाक्यमा सङ्गठीत छ । वाक्य गठनका आधारमा पनि सरकारी विद्यालयमा लगाइएको हाम्रो नेपाली किताब भित्रका कथाहरू बढी सन्तुलित देखिन्छन् ।

४. भाषिक सीप आर्जनमा  शब्दभण्डारले प्रत्यक्ष प्रभाव पार्दछ । शब्दभण्डार भित्रका नेपाली शब्दको सान्दर्भिकताका आधारमा पनि 'हाम्रो नेपाली किताब' बढी सन्तुलित र सङ्गठीत रूपमा लेखिएको पाइन्छ ।

५. भाषा शिक्षणको प्रयोजनको सन्दर्भमा यी दुई भाषा पाठ्यपुस्तक भित्रका कथाका पाठहरू बालबालिकाहरूलाई सहज ढङ्गले बुझाउन र बुझ्न 'ठूले र साने', 'सारौ र कमिलो', जस्ता शीर्षकका कथाहरू बढी सान्दर्भिक देखिन्छन् ।

## ५.४ 'हाम्रो नेपाली किताब' कक्षा ६ को कथा विधाका पाठहरूको सबल तथा दुर्बल पक्षहरू :

१. नेपाली भाषा पाठ्यक्रमले निर्धारण गरेको पाठ संख्या, विधागत छनौट, कक्षाको स्तर, भाषिक क्षेत्र तथा अङ्कभार वितरणलाई ध्यान दिई पाठ्यपुस्तक तयार हुनु यसको सबल पक्ष मानिन्छ ।

२. पाठ्यक्रममा निर्धारण गरिएका साधारण उद्देश्य र विशिष्ट उद्देश्यलाई ध्यानमा राखी पाठ्यपुस्तकमा कथा विधा समायोजन गरिनु यसको सबल पक्ष मानिन्छ ।

३. कथा विधाका पाठ्यसामग्री लोक र पौराणिक सन्दर्भका भए तापनि समय-सापेक्ष, उपयोगी र व्यवहार मुलक बनाउने अभिष्ट राख्दै पठन कौशल, शब्दभण्डार, वाक्यगठन, बोधगम्यतामा जोडदिनु यसको सबल पक्ष मान्नुपर्दछ ।

४. प्राथमिक तह र माध्यमिक तहको बीचमा रहेको यस तहमा पूर्वक्षमता, आवश्यकता र मानसिक दक्षता अनुरूप पाठ्यवस्तुको विकास हुन नसक्नु यसको दुर्बल पक्ष मान्न सकिन्छ ।

## ५.५ 'सजिलो नेपाली माला' कक्षा ६ का कथा विधाका पाठहरूको सबल तथा दुर्बल पक्षहरू :

१. नेपाली भाषा पाठ्यक्रमले निर्धारण गरेको भाषाका विशिष्ट उद्देश्य प्राप्तीमा जोड दिनु यसको सबल पक्ष मानिन्छ ।

२. नेपाली भाषाका विविध विधा पाठ्यपुस्तकमा समावेश गर्नु यसको सबल पक्ष मानिन्छ ।

३. नेपाली भाषा पाठ्यक्रमले निर्धारण गरे अनुसार भाषिक क्षेत्र, क्रम, पाठसङ्ख्या विधागत सीमा ख्याल गर्न नसक्नु यसको दुर्बल पक्ष मानिन्छ ।

४. शब्दभण्डार र वाक्यगठनमा कक्षाको स्तर भन्दा जटिल शब्द र वाक्यको उपस्थिति हुनु यसको दुर्बल पक्ष मानिन्छ ।

## ५.६ शोधको शैक्षिक प्रयोजन

१. विद्यालय तहमा अध्यापन गर्ने निम्न माध्यमिक तहका शिक्षक शिक्षिकाहरूलाई कथा विधाका बारेमा सैद्धान्तिक र प्रायोगिक ज्ञान हासिल गराउन यसले सघाउ पुऱ्याउने छ ।

२. यस शोधले भावी अनुसन्धाताका लागि पनि कथा विधासँग सम्वन्धित भई शोध तथा अनुसन्धान गर्न आधार प्रदान गर्नेछ ।

३. निम्न माध्यमिक तह नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधासँग सम्वन्धित शब्दभण्डार, वाक्यगठन, बोधगम्यतासँग पाठको कमजोरी पत्ता लगाउन र निराकरण गर्न सहयोग पुऱ्याउने छ ।

४. सरकारी र निजी विद्यालयका नेपाली भाषा पाठ्यपुस्तकका बारेमा चासो राख्ने पाठकका लागि यसले सैद्धान्तिक तथा व्यवहारीक ज्ञान प्राप्त गर्न सहयोग पुऱ्याउँछ ।

## ५.७ भावी अनुसन्धानका लागि कथा विधाबाट लेख्न सकिने केही शीर्षकहरू

१. 'हाम्रो नेपाली किताब' कक्षा ६ मा समाविष्ट कथा विधाको पाठ्यक्रम अनुरूपताको अध्ययन ।

२. 'सजिलो नेपाली माला ' कक्षा ६ का कथाको संरचना पक्षको अध्ययन र विश्लेषण ।

३. 'हाम्रो नेपाली किताब' कक्षा ६ मा समाविष्ट कथाका पाठहरूको बोधगम्यता र सुसिक्यताका आधारमा अध्ययन ।

४. 'हाम्रो नेपाली किताब' कक्षा ६ मा समाविष्ट कथा विधाका पाठहरूको नमूना अभ्यासको विश्लेषण ।

५.हाम्रो नेपाली किताब कक्ष ६ मा समाविष्ट कथा विधाका पाठहरूबाट विद्यार्थीहरूले प्राप्त गर्ने शब्दभण्डारको अध्ययन ।

## ५.८ सुझाबहरू

१. निम्न माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमले कक्षा ६ का लागि लोककथा र पौराणिक कथामात्र समावेश हुने प्रावधान हटाइ सामाजिक, आधुनिक, समसामयीक जस्ता प्रकृतिका कथा पनि समावेश गर्नु पर्ने ।

२. कक्षा ६को स्तर सुहाउँदा कथा समावेश गरिनु पर्ने ।

३. निजी विद्यालयमा नेपाली भाषामा बालबालिकाहरू पछि पर्नुको कारण स्तरीय नेपाली पाठ्यपुस्तकको कारण पनि हो । त्यसैले स्तरीय पाठ्यसामग्री प्रयोगमा ल्याउनु पर्ने कुरामा जोड दिइन्छ ।

४. हाम्रो नेपाली किताबभित्र समाविष्ट कथाका पाठहरूको आकार घटाउनु तथा निजी विद्यालयको सजिलो नेपाली मालाभित्र समाविष्ट छोटा कथामा आकारगत सुधार गर्नु पर्ने ।

५. भाषाका सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई समान महत्त्व दिनुपर्ने ।

६. कथामा वास्तविक जीवनलाई समेट्न सकिने विषयवस्तु उपयुक्त हुने ।

७. मानवेत्तर चरित्र भन्दा मानवीय चरित्रमा जोड दिनुपर्ने ।

# सन्दर्भग्रन्थ सूची


अधिकारी, हेमाङ्गराज,(२०३९) **नेपाली भाषाशिक्षण** काठमाडौं : त्रि.वि.वि. पाठ्यक्रम विकास केन्द्र ।

अधिकारी, हेमाङ्गराज, (२०५८) (प्रमुख सम्पादक) र अरू **सजिलो नेपाली माला** कक्षा -६ काठमाडौं : संयुक्त प्रकाशक निजी तथा आवसीय विद्यालय अर्गनाइजेसन नेपाल र विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, देवीप्रसाद, **कक्षा - ६ को नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको पाठ्यक्रम अनुरुपताको अध्ययन** (२०६३): त्रि.वि.वि. नेपाली शिक्षा विभाग, प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र, ।

गौतम, दुर्गाप्रसाद, **कक्षा -७ का हाम्रो नेपाली किताब र मेरो नेपाली माला भित्र समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन** (२०६५) : सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर मोरङ अप्रकाशित स्नातकोत्तर शोधपत्र, ।

चापागाईं, नरेन्द्र (२०६४) (सम्पादक) **नेपाली शब्दसागर** विराटनगर : श्यामपुस्तक भण्डार ।

जवरा, स्वयंप्रकाश र अरू (२०६४),**'पाठ्यक्रम योजना र अभ्यास'** काठमाडौं : विद्यार्थी पुस्कतभण्डार ।

नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र (२०५८) **निम्न माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम** ।

नेपाल सरकार,माध्यमिक शिक्षा पाठ्यक्रम भाग -१(२०६४) शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।

नेपाल सरकार, **हाम्रो नेपाली किताब** कक्षा -६ (२०५८) शिक्षा तथा खेलकुद मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी ।

बन्धु, चूडामणि (२०६५) **अनुसन्धान तथा प्रतिवेदन लेखन** काठमाडौं : रत्नपुस्तक भण्डार ।

भण्डारी, पारसमणि, (२०६३) **स्नातकोत्तर नेपाली शिक्षा शोधविवरण** , काठमाडौ : न्यू हिरा बुक्स ।

रेग्मी, मुरारीप्रसाद र अरू, **शैक्षिक मनोविज्ञान (२०६७),** काठमाडौंः सनलाइट प्रकाशन ।

शर्मा, चिरञ्जीवि र निर्मला शर्मा, **बालविकास र सिकाइ(२०६६),** काठमाडौं : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल(२०५२) **शोधविधि,** काठमाडौं : साझा प्रकाशन ।

## परिशिष्ट १

सरकारी विद्यालयको कक्षा ६ का विद्यार्थीहरूलाई हाम्रो नेपाली किताब भित्रको प्रतिनिधि कथाबाट लिइएको नमुना परीक्षामा सोधिएका प्रश्नहरू

कक्षा- ६ पूर्णाङ्क : २०

विषय - नेपाली (कथा विधा) उत्तीर्णाङ्क : ६

मिति : २०६६/१०/१२

१. युत्तिसामु शक्ति टिक्दैन भन्ने कथा पढेर के शिक्षा पाइन्छ ? ५

२. ठूले र सानेमा किन मनमुटाव सुरू भयो ? ४

३. दिइएका शब्दको अर्थ लेख । ३

सिता , सीता, वाल्ल, बाल, सहर, शर

४. युधिष्ठिरको परीक्षा कथाले दिन खोजेका मुख्य उपदेशहरू के के हुन ? लेख । ४

५. शुद्ध गरी लेख । २

हीमाल, शगरमाथा, परएटक, सुण्दर

६. विपरितार्थक शब्द लेख । २

टाढा, खुला, अनेकता, आफ्नो

## परिशिष्ट २

विषय सजिलो नेपाली माला (कथा खण्ड) पूर्णाङ्क २०

कक्षा ६ उत्तीर्णाङ्क ६

मिति २०६६/११/१५

### प्रश्नहरू

१. मूर्ख कछुवा कथा पढेर के शिक्षा पाइन्छ ? ५

२. पार्वतीले कस्तो सपना देखी ? ४

३. जामुना गुभाजु कथाबाट के कुरा सिक्यौ ? ५

४. तलका शब्दको अर्थ लेख । २

कर , निर्दयी , आग्रह, तवेला

५. शुद्ध गरी सार । २

आदेष, दाजू, परयटक , सयाउ

६. विपरीतार्थक शब्द लेख । २

साभ्क, राम्रो , अर्थ, माथि

## परिशिष्ट ३

नमुना परीक्षामा सामेल श्री उच्च मा.वि. मृगौलियाका नमुना परीक्षामा सामेल कक्षा ६ का विद्यार्थी विवरण

| क.सं. | रोल नं. | विद्यार्थीको नाम |
|---|---|---|
| १ | १ | सिर्जना सिवा |
| २ | ६ | रणद्वीप खड्का |
| ३ | १५ | लिला खड्का |
| ४ | ४२ | सम्झना अधिकारी |
| ५ | ७० | रीया राई |

## परिशिष्ट ४

नमुना परीक्षामा सामेल श्री ब्राइटफ्युचर सेकेण्डरी स्कुल मृगौलियाका नमुना परीक्षामा सामेल कक्षा ६का विद्यार्थी विवरण

| क.सं. | रोल नं. | विद्यार्थीको नाम |
|---|---|---|
| १ | १ | अभिनय गौतम |
| २ | २३ | रचना गौतम |
| ३ | ३० | जीवन फुयल |

## परिशिष्ट ५

१) गुरुको शुभनाम ?

२) शिक्षण कार्यको शुरूवात ?

३) शिक्षण सिकाइमा कठिनाई ?

४) नेपाली भाषा नै रोज्नुको कारण ?

५) नेपाली बाहेक अर्को शिक्षण गर्ने विषय ?

६) कक्षा ६ को नेपाली विषयका कथा शिक्षणमा कठिनाई ?

७) विद्यार्थीलाई नेपाली भाषामा कथाका पाठभन्दा कविताका पाठ सिकाउन सजिलो वा कठिन के छ ?

८) हाम्रो नेपाली किताब कक्षा ६ र सजिलो नेपाली माला कक्षा ६ भित्रका कथाका पाठहरूमा के अन्तर देख्नुहुन्छ ?

# परिशिष्ट ६

## विधाको क्षेत्र र क्रम तालिका

| क्र.सं. | विधा | विधाको क्षेत्र | | |
|---|---|---|---|---|
| | | **कक्षा ६** | **कक्षा ७** | **कक्षा ८** |
| १ | प्रबन्ध/ निबन्ध | (क) सामाजिक/सांस्कृतिक<br>(ख) प्राकृतिक/वातावरणीय<br>(ग) कलात्मक<br>(घ) वैज्ञानिक/प्राविधिक<br>(ङ) व्यावसायिक | (क) सामाजिक/सांस्कृतिक<br>(ख) प्राकृतिक/वातावरणीय<br>(ग) कलात्मक<br>(घ) वैज्ञानिक/प्राविधिक<br>(ङ) व्यावसायिक | (क) सामाजिक/सांस्कृतिक<br>(ख) प्राकृतिक/वातावरणीय<br>(ग) कलात्मक<br>(घ) वैज्ञानिक/प्राविधिक<br>(ङ) व्यावसायिक |
| २ | कथा | (क) लोककथा<br>(ख) नीतिकथा<br>(ग) पौराणिक/ऐतिहासिक कथा | (क) लोककथा<br>(ख) नीतिकथा<br>(ग) पौराणिक/ऐतिहासिक कथा<br>(घ) आधुनिक कथा | (क) लोककथा<br>(ख) नीतिकथा<br>(ग) पौराणिक/ऐतिहासिक कथा<br>(घ) आधुनिक कथा |
| ३ | जीवनी | **राष्ट्रिय र अन्तराष्ट्रिय**<br>(क) साहित्यकार/कलाकार<br>(ख) विद्वान् - विचारहरू | **राष्ट्रिय र अन्तराष्ट्रिय**<br>(क) साहित्यकार/कलाकार<br>(ख) विद्वान् - विचारहरू | **राष्ट्रिय र अन्तराष्ट्रिय**<br>(क) साहित्यकार/कलाकार<br>(ख) विद्वान् - विचारहरू |

| | | | | |
|---|---|---|---|---|
| | | (ग) आविष्कारक<br>(घ) प्रेरक व्यक्तित्व | (ग) आविष्कारक<br>(घ) प्रेरक व्यक्तित्व | (ग) आविष्कारक<br>(घ) प्रेरक व्यक्तित्व |
| ४ | चिठी | (क) घरायसी<br>(ख) कार्यालयीय | (क) घरायसी<br>(ख) कार्यालयीय | (क) घरायसी<br>(ख) कार्यालयीय |
| ५. | रूपक | (क) संवाद<br>(ख) वादविवाद | (क) संवाद<br>(ख) वादविवाद | (क) संवाद<br>(ख) वादविवाद<br>ग) एकाङ्की |
| ६. | कविता | **लयबद्व**<br>(क) छन्दलय<br>(ख) लोकलय | **लयबद्व**<br>(क) छन्दलय<br>(ख) लोकलय<br>(ग) गीतिलय | **लयबद्व**<br>(क) छन्दलय<br>(ख) लोकलय<br>(ग) गीतिलय<br>(घ) मुक्तलय |
| ७ | **व्याकरण**<br>(अ)<br>पदसङ्गति | (क) लिङ्ग<br>(ख) पुरुष<br>(ग) वचन<br>(घ) आदर | (क) लिङ्ग<br>(ख) पुरुष<br>(ग) वचन<br>(घ) आदर | (क) लिङ्ग<br>(ख) पुरुष<br>(ग) वचन<br>(घ) आदर |
| | (इ) पक्ष | (क) अपूर्ण<br>(ख) पूर्ण | (क) अपूर्ण<br>(ख) पूर्ण<br>(ग) अज्ञात | (क) अपूर्ण<br>(ख) पूर्ण<br>(ग) अज्ञात<br>(घ) अभ्यस्त |
| | (ई)<br>अर्थ वा<br>भाव | (क) सामान्यार्थ<br>(ख) आज्ञार्थ<br>(ग) सम्भावनार्थ | (क) सामान्यार्थ<br>(ख) आज्ञार्थ<br>(ग) सम्भावनार्थ | (क) सामान्यार्थ<br>(ख) आज्ञार्थ<br>(ग) इच्छार्थ<br>(घ) सम्भावनार्थ |

| | | | | |
|---|---|---|---|---|
| | (उ) वाक्य परिवर्तन | लिङ्ग, वचन, पुरुष र अकरणका आधारमा | लिङ्ग, वचन, पुरुष र अकरणका आधारमा | लिङ्ग, वचन, पुरुष र अकरण काल र पक्षका आधारमा |
| | (ऊ) वाच्य परिवर्तन | | (क) कर्तृवाच्य<br>(ख) कर्मवाच्य | (क) कर्तृवाच्य<br>(ख) कर्मवाच्य<br>(ग) भाववाच्य |
| | (ए) शब्दवर्ग | (क) नाम<br>(ख) सर्वनाम<br>(ग) विशेषण<br>(घ) क्रियापद | (क) नाम<br>(ख) सर्वनाम<br>(ग) विशेषण<br>(घ) क्रियापद<br>(ङ) क्रियायोगी<br>(च) नामयोगी<br>(छ) निपात | (क) नाम<br>(ख) सर्वनाम<br>(ग) विशेषण<br>(घ) क्रियापद<br>(ङ) क्रियायोगी<br>(च) नामयोगी<br>(छ) संयोजक<br>(ज) निपात<br>(झ) विस्मयादिबोधक |
| | (ऐ) | (क) विभक्ति (ले, लाई, द्वारा, को, का, की<br>रो, रा, री, नो, ना, नी, देखि, बाट, मा) को प्रयोग | (क) कारक (कर्ता र कर्म)<br>(ख) विभक्ति (ले, लाई, द्वारा, को, का, की<br>रो, रा, री, नो, ना, नी, देखि, बाट, मा) को प्रयोग | (क) कारक (कर्ता र कर्म, करण, सम्प्रदान,, अपादान, अधिकरण)<br>(ख) विभक्ति (ले, लाई, द्वारा, को, का, की, रो, रा, री, नो, ना, नी, देखि, बाट, मा) को प्रयोग<br>(ग) विभक्ति नियम ( |

| | | | | |
|---|---|---|---|---|
| | | | | सरल-तिर्यक्) को प्रयोग |
| | (ओ) लेख्य चिह्न | (क) पूर्णविराम<br>(ख) प्रश्नचिह्न<br>(ग) अल्पविराम<br>(घ) उद्गारचिह्न | (क) पूर्णविराम<br>(ख) प्रश्नचिह्न<br>(ग) अल्पविराम<br>(घ) उद्गारचिह्न<br>(ङ) योजकचिह्न<br>(च) कोष्ठकचिह्न | (क) पूर्णविराम<br>(ख) प्रश्नचिह्न<br>(ग) अल्पविराम<br>(घ) उद्गारचिह्न<br>(ङ) योजकचिह्न<br>(च) कोष्ठकचिह्न<br>(छ) उद्धरणचिह्न<br>(ज) निर्देशचिह्न |
| | (औ) वर्ण - विन्यास | पाठमा प्रयुक्त शब्दहरुका वर्णविन्यासको उपयुक्त प्रयोग<br>(क) ह्रस्वदीर्घ (इ, ई, उ, ऊ)<br>(ख) य/ए<br>(ग) ब/व<br>(घ) श/ष/स<br>(ङ) ग्यँ/ज्ञ<br>(च) ञ/ण/न<br>(छ) पदयोग - पदवियोग | पाठमा प्रयुक्त शब्दहरुका वर्णविन्यासको उपयुक्त प्रयोग<br>(क) ह्रस्वदीर्घ (इ, ई, उ, ऊ)<br>(ख) य/ए<br>(ग) ब/व<br>(घ) श/ष/स<br>(ङ) ग्यँ/ज्ञ<br>(च) रि/ऋ<br>(छ) छ/क्ष<br>(ज) ञ/ण/न<br>(झ) पदयोग - | पाठमा प्रयुक्त शब्दहरुका वर्णविन्यासको उपयुक्त प्रयोग<br>(क) ह्रस्वदीर्घ (इ, ई, उ, ऊ)<br>(ख) य/ए<br>(ग) ब/व<br>(घ) श/ष/स<br>(ङ) ग्यँ/ज्ञ<br>(च) रि/ऋ<br>(छ) छ/क्ष<br>(ज) ञ/ण/न<br>(झ) |

| | | | | |
|---|---|---|---|---|
| | | | पदवियोग | शिरबिन्दु/चन्द्रविन्दु<br>(ञ) विसर्ग<br>(ट) पदयोग - पदवियोग |
| ८ | शब्दभण्डार र उखानटुक्का (पाठमा प्रयुक्त शब्दहरुका साथै उखानटुक्का समेत) | (क) पर्यायवाची<br>(ख) विपरीतार्थी<br>(ग) श्रुतिसमभिन्नार्थी<br>(घ) पारिभाषिक/प्राविधिक<br>(ङ) अनुकरणात्मक | (क) पर्यायवाची<br>(ख) विपरीतार्थी<br>(ग) श्रुतिसमभिन्नार्थी<br>(घ) अनेकार्थी<br>(ङ) पारिभाषिक/प्राविधिक<br>(च) अनुकरणात्मक<br>(छ) उखानटुक्का | (क) पर्यायवाची<br>(ख) विपरीतार्थी<br>(ग) श्रुतिसमभिन्नार्थी<br>(घ) अनेकार्थी<br>(ङ) पारिभाषिक/प्राविधिक<br>(च) अनुकरणात्मक<br>(छ) उखानटुक्का |